# अध्याय एक

# परिचय

## १. ऐतिहासिक पृष्ठभूमि

नेपाल एक विकाशोन्मूख राष्ट्र जून विस्तारै विस्तारै विकासको बाटोमा लम्कदैं गरेको मुलुक यसकारण भौतिक पूर्वाधार निर्माण देखि आधुनिक निर्माणका लागि अति आवश्यक मानिएको ईट्टाको महत्वले आफ्नै स्थान ओगट्न पुगेको छ । हाल आएर उपत्यका बाहिरका पहाडी जिल्लाहरुमा समेत साना र ठूला विभिन्न प्रकारको उद्योग स्थापना हुनुले पनि यसलाई पुष्टि गरेको छ । नेपालमा ईट्टाको उत्पादन कहिले देखि सुरु भयो भन्ने कुराको आधिकारिक जानकारी नभएतापनि देशमा भएका पुराना र ऐतिहासिक भवनहरु जुन सोह्रौं शताब्दि देखिका पाइन्छन् त्यसमा पनि ईट्टाको प्रयोग भएको पाइन्छ ।

उपत्यकाको तीन जिल्ला मध्ये सबैभन्दा बढी ईट्टा उत्पादन हुने जिल्ला भक्तपुर, ललितपुर पर्ने भएता पनि नवलपरासीको बाहिरी भेगमा समेत यस्ता उद्योगहरुको संचालन भएको देख्न सकिन्छ । हाम्रो देश जुन आधुनिक भवन देखि विभिन्न विकास निर्माणको कार्यमा अगाडी बढिरहेको बेलामा यस्तो ईट्टाको उत्पादन अझ बढ्ने देखिएता पनि सरकारी निती र साँघुरिदै गएको क्षेत्रफलले गर्दा उपत्यका भित्र यस्ता उद्योगको विस्तार हुन सकेको पाइंदैन ।

देशमा गणतन्त्र आएता पनि सम्पूर्ण जनतालाई राज्यले रोजगारि दिन सकेको छैन । विशेष गरि पहाडी मूलका अशिक्षित र गरिब जनता जसको निर्भरता कृषिमा भएता पनि आफ्नो जमिनमा उत्पादित खाद्यान्नले वर्षमा मुस्किलले ३-६ महिना मात्र खानका लागि पुग्ने गर्दछ । त्यस्तो जनसंख्याको रोजगारिको प्रमूख श्रोतको रुपमा ईट्टा उद्योगले टेवा पुऱ्याएको छ । उद्योगबाट प्राप्त रोजगारिले बाँकीको महिना गुजारा गर्दै आफ्ना सन्ततिलाई शिक्षा दिन समेत ठूलो सहयोग पुगेको पाइन्छ । यस क्षेत्रमा काम गर्ने मजदुरहरु आर्थिक रुपमा कमजोर र सामाजिक रुपमा पछाडि पारिएका मानिसहरु भएका कारण उनीहरुलाई गधालाई जस्तो काम गराइन्छ । त्यसै सन्दर्भमा प्रस्तुत अध्ययनले ईट्टा उद्योगमा संलग्न मजदुरको सामाजिक, साँस्कृतिक तथा आर्थिक अवस्थाको अध्ययन गर्ने प्रयास गर्नेछ ।

उपत्यका भित्रका ईट्टा उद्योगमा विभिन्न जात जाति, भाषा र संस्कृति भएका मानिसहरुले काम गर्दछन् । जिवन निर्वाहका लागि आफ्नै सामाजिक, सांस्कृतिक र आर्थिक प्रयासबाट गुजारा गरिरहेका छन् । यस्ता उद्योगमा संलग्न मजदुरको अवस्थालाई थाहा पाउनु महत्वपूर्ण विषय रहन्छ ।

## १.१ परिचय

नेपालमा ईट्टा उत्पादनको सुरुवात वर्षौ अगाडिबाट थालिएको पाईन्छ । ईट्टा उत्पादनको थालनी भएदेखि नै यसलाई नेपाली कला र संस्कृतिको रुपमा प्रवर्द्धन गर्दै आएको पाइयो । सामाजिक प्रतिष्ठा कायम राख्नका लागि घरहरु सजाउने महत्वपूर्ण वस्तुका रुपमा ईट्टाको प्रयोग हुँदै आईरहेको छ । ईट्टा उद्योगमा लगानी ठूलै हुने भएतापनि घरेलु तथा साना उद्योग अन्तर्गत नै यो उद्योग पर्ने गर्दछ । नेपालमा सात सय पचास दल (७५०) भन्दा बढी ईट्टा उद्योगहरु संचालन हुँदै आएका छन् र यी उद्योगहरुले ४ लाख भन्दा बढी मानिसहरुलाई रोजगारी प्रदान गरेको पाईन्छ (SPARC, २००१) । माटो र धुँवामा काम गर्नुपर्ने कारणले गर्दा यो क्षेत्रमा काम गर्नु स्वास्थ्यको दृष्टिले अत्यन्त चुनौतिपूर्ण रहेको पाईन्छ । नेपालका गरिब तथा दलित समुदायका मानिसहरु यो उद्योगको काममा संलग्न रहेका छन् भने केही कामदारहरु भारतबाट पनि आउने गरेको पाईन्छ । ईट्टा भट्टामा काम गर्ने मानिसहरु विभिन्न जात जाति, भाषा, धर्मका भए पनि विशेषत सामाजिक रुपमा पिछडिएका तथा दलित समुदायका मानिसहरु यो क्षेत्रमा रहेको पाइन्छ ।

## १.२ समस्याको कथन

देशमा झण्डै ७०% हिस्सा कृषि क्षेत्रमा आश्रित र त्यसमा पनि वर्षको केहि समय मात्र कृषिमा काम हुने, आफ्नो पर्याप्त जमिन नहुने र कृषिमा भन्दा क्षणिक रुपमा ईट्टा उद्योगमा पाइने पारिश्रमिक आर्कषक हुनाको कारण वर्षको झण्डै ६-८ महिना ईट्टा उद्योगमा कार्यरत रहन्छन् । निम्न आर्थिक अवस्था र न्यून शिक्षा भएका मजदुरको अवस्थालाई व्यहारिक र वैज्ञानिकका साथ साथै आधुनिक तरिकाबाट अघि बढाउनु पर्ने आजको आवश्यकता देखिन्छ ।

खासगरि यस्ता उद्योगमा परिवारका सम्पूर्ण सदस्यको संलग्नता रहँदै आएको कारण बालबालिकाहरु पनि यो काममा लागिरहेका छन् । अत्याधिक रुपमा (नवलपरासीमा मात्र १०००) बालबालिकाको

यो क्षेत्रमा संलग्नता रहेको कारण बाल बालिकाहरु शिक्षा आर्जन गर्न स्कूल जान नपाउने स्थिति देखिएको छ । यसकारण उनीहरुको आर्थिक पक्ष सबल बन्दै गएता पनि यसले उनीहरुको सामाजिक र सांस्कृतिक पक्ष सवल हुन सकेको छैन । त्यस्तै ईट्टाभट्टामा धुलो धुँवा हुने कारण मजदुरहरुको स्वास्थ्यमा पनि असर पार्दै गएको देखिन्छ । वर्तमान सन्दर्भमा उद्योगको संचालकहरुबाट नै यस विषयमा केहि पहल भएको देखिएता पनि उद्योग भन्ने वित्तिकै नाफाको उद्देश्यले स्थापित रहने भएकाले समग्रमा हुनुपर्ने जति काम भएको देखिँदैन । यसका लागि मजदुर आफैं र यसमा चासो राख्ने संस्थाहरु अगाडी बढि सकरात्मक कदम चाल्नुपर्ने देखिन्छ ।

## १.३ अध्ययनको उद्देश्य

### क) साधारण उद्देश्य

यस अध्ययनका साधारण उद्देश्य नवलपरासी जिल्लाको मध्य भेगमा अवस्थित मध्यबिन्दु नगरपालिका वडा नं. ४ मा रहेको ईट्टा उद्योग अन्तर्गत विभिन्न जातजाति तथा वर्गमा ईट्टा उद्योगमा संलग्न मजदुरहरुको सामाजिक तथा आर्थिक पक्षका अध्ययन गर्नु रहेको छ ।

### ख) विशिष्ट उद्देश्य :

- यस क्षेत्रका मजदुरहरुको रोजगारीको अवस्थाको विश्लेषण गर्नु ।
- अध्ययन क्षेत्रका मजदुरहरुले भोगेका समस्या पत्ता लगाउनु ।

## १.४ अध्ययनको महत्व

नवलपरासी जिल्लाको दक्षिणी भू-भाग सहरीकरणको बाटोमा द्रुत गतिमा लम्कदै गरेको आजको सन्दर्भमा र देशको रोजगारीको स्तरमा खासै उन्नति हुन नसक्नाको कारणहरुले गर्दा यस क्षेत्रमा संचालित ईट्टा उद्योगहरुले पुऱ्याएको योगदानलाई हामी नकार्न सक्दैनौं । उद्योगमा काम गर्दा अन्य क्षेत्रमा काम गर्ने मजदुरहरुको तुलनामा राम्रै पारिश्रमिक प्राप्त गर्ने देखिएकोले उक्त आम्दानीलाई व्यवस्थित रुपमा संचालन गर्न सकेको अवस्थामा यस क्षेत्रमा लागेका मजदुरको सामाजिक स्तर उन्नतिका साथ साथै आर्थिक तथा सांस्कृतिक क्षेत्रमा उल्लेखनिय विकास हासिल गर्न सकिने देखिन्छ । रोजगारिको अवसरहरु मध्ये मजदुरहरुको अत्यन्तै धेरै रोजगारीको संभावना भएको ईट्टा

उद्योगले देशको भौतिक निर्माणका लागि आवश्यक कच्चा पदार्थ स्थानिय स्तरमानै उत्पादन गर्दै यस क्षेत्रमा संलग्न मजदुरहरुको विभिन्न पाटोको विकासमा टेवा दिने देखिन्छ । ठूलो धनराशी खर्च गरेर बैदेशिक रोजगारीको लागि आतुर थुप्रै श्रमिकहरुलाई आफ्नै देशको माटोमा रोजगारीको अवस्था सृजना गरि बैदेशिक रोजगारिमा जाने चापलाई समेत रोक्न सक्ने प्रवल संभावना देखिन्छ । जसले गर्दा देशको जनशक्ति बाहिर जान कम भई देशको आर्थिक उन्नति बढाउनमा सहयोग मिल्दछ । परिवारका सबै सदस्यहरु का लागि गर्न सक्ने भिन्न भिन्न काम भएकाले पनि परिवारको जिविकोपार्जनमा केहि राहत मिलेको देखिन्छ । अहिलेसम्म भएका जति पनि अध्ययन छन ति धेरैजसो बालमजदुर संग सम्बन्धित रहेको र मजदुर सम्बन्धि अध्ययन धेरै नभएकोले पनि यो अध्ययनको महत्व रहेको छ ।

### १.५ अध्ययनको संगठन

प्रस्तुत अध्ययनलाई समग्रमा पाँच भागमा विभाजन गरिएको छ । प्रथम भागमा परिचय खण्ड भएको छ । जसमा पृष्ठभूमि एवम् परिचय र समस्याको कथन एवम् उद्देश्यको व्याख्या गरिएको छ । त्यसैगरि अध्याय दुईमा पूर्व साहित्यको समीक्षा गरिएको छ । अध्याय तीनमा अनुसन्धान विधिको चर्चा गरिएको छ । जसअन्तर्गत अनुसन्धान विधि, तथ्यांकको प्रकृति एवम् तथ्यांक संकलनका विधिहरुको चर्चा गरिएको छ । प्रस्तुत अध्ययनको अध्याय चारमा संकलित तथ्यांकहरुलाई विभिन्न तालिकाहरुद्वारा प्रस्तुत गरिएको छ । अध्याय पाँचमा संकलित तथ्यांकहरुको आधारमा समग्र अध्ययनको सारांश र निष्कर्षहरु प्रस्तुत गरिएको छ ।

# अध्याय-दुई
# सन्दर्भ साहित्यको समिक्षा

यस अध्ययनमा मजदुर सम्बन्धि भएका सामान्य अवधारणाको अवलोकन गरिएको छ । साथै हालसम्म मजदुर सम्बन्धि भएका, अध्ययन गरिएको तथा प्राप्त साहित्यहरुको विवेचना तथा विश्लेषण पनि गरिएको छ ।

## २.१ सैद्धान्तिक समिक्षा

मजदुर सम्बन्धि समस्या नेपालको मात्र नभएर विश्वव्यापि समस्या हो । पछिल्लो समयमा श्रमिकहरूको काम गर्ने अवस्था र उनीहरूको जीवन शैलीले धेरैको ध्यान खिचेको छ । उत्पादनमुखी उद्योग र त्यससँग सम्बन्धित मजदुरहरूको संख्या बढ्नु यसको प्रमुख कारण हो । अर्को महत्त्वपूर्ण पक्ष नेपालमा रहेका उत्पादन गर्ने उद्योगहरुमा मेसिनमा भन्दा श्रमको बढि प्रयोग भएको पाइन्छ । धेरै विकाशोन्मुख देशहरू जस्तै नेपालमा पनि श्रमकै प्रयोग ज्यादा हुन्छ किनभने श्रमको प्रयोग भन्दा मेशिनको प्रयोग गर्नु महँगो पर्न सक्छ ।

नेपालमा विद्यमान अन्यायपूर्ण र शोषण मुलक श्रम सम्वन्धको बारेमा कूरा गर्दा बंधवा मजदुरी एक समस्या ग्रस्त क्षेत्रको रुपमा रहेको छ । सामान्यतया विभिन्न कारणवश ऋण मुक्त गर्नको निम्ति वन्धित मजदुरहरुलाई बंधवा मजदुर भन्ने गरिन्छ । तर नेपालको परम्परागत कृषि उत्पादन क्षेत्रमा वर्षौंदेखि चल्दै आएका विभिन्न प्रकृतिका आर्थिक सम्बन्धहरु जस्तै : कमैया, ऋणवन्धि, वांधा, वनौट इत्यादिहरु । समाजमा विद्ममान अन्यायपूर्ण सामाजिक सम्वन्धहरु जस्तै : घरेलु कामदार, जनजातिका बिच भेदभाव, निश्चित श्रमहरुमा रोजगार निषेध, निश्चित क्षेत्रहरुमा प्रवेश निषेध इत्यादि, दासत्व र सामन्ती निरंकशताका अवशेषहरु हुन् । आजभन्दा लगभग आठ-नौ दशक अगाडि सन् १९२४ मा नेपालमा दासप्रथा अन्त्य भएको घोषणा भएको हो । कानुनत : बंधवा श्रम नेपालमा वन्देज गरिएको छ । उद्योगको उत्पादनको मुख्य आधार तिनका मजदुर हुन् । तिनको भूमिका बढ्दो उद्योगको सङ्ख्याबाट बुझ्न सकिन्छ ।

यद्यपि लगानी गर्ने तरिका उही पुरानो छ । लगानीकर्ताहरू विशेषतः कम खर्चमा बजारमा टिक्न चाहन्छन् । यसका लागि अपनाउने उपाय श्रमिकको शोषण हुन सक्छ । श्रममा आधारित रहने प्रायः उद्योगमा तलब कटौती, सुविधाबाट वञ्चित गरिनु जस्ता शोषण व्याप्त छन् । कार्यस्थल सन्तोषजनक छैनन् । बहुमत श्रमिकहरू आफ्नो कार्यस्थललाई दुर्गन्ध हुने, हल्ला हुने, प्रदुषित, साँघुरो र अँध्यारो भन्न रुचाउँछन् । आधारभूत सुविधाहरू जस्तै पङ्खा, चिम्नी, हिटर, आवाज जाने भेन्टिलेसन पनि नभएको अवस्थामा श्रमिकहरू कार्य गर्न बाध्य छन् । औद्योगिक दुर्घटना सामान्य प्रायः भएका छन् । मुख्यतः हात, टाउको, आँखा, हत्केला र खुट्टामा चोट लागेको पाइन्छ । दुर्घटनाका कारणहरू फरक-फरक छन् तर मुख्यतः मजदुर स्वयंको लापरबाहीले घटना भएको पाइन्छ । यो लापरबाहीको कारण भने उस्तै प्रकृतिको काम पटक-पटक र निरन्तर गर्नु र मानसिक विमारीलाई मान्न सकिन्छ । त्यसैगरि बालबालिकाहरुलाई पनि मजदुरहरूको रुपमा प्रयोग गरिएको पाईएको छ । बालबालिकाहरु सानै उमेरबाट नै श्रमका क्षेत्रमा घरेलु बालश्रमिकका रुपमा कार्यरत रहेका पाईन्छन् । प्रायजसो ग्रामिण ईलाकाबाट बसाईंसराई गरेर बालश्रमिकहरु गलैंचा उधोग गार्मेन्ट, होटल, ईट्टा कारखाना, घरमा काम गर्ने कामदार, निर्माण कार्य, फोहोरमैला संकलन, बस, माइक्रोबस, टेम्पो आदि विभिन्न क्षेत्रमा संलग्न रहेका छन् । प्रकोपिय काम गर्ने अवस्था विद्यमान छ । हालैको एक सर्वेक्षणका अनुसार भारतमा प्रति १०,००० मजदुरमा ४१५ को मृत्यु भएको पाइयो त्यही सर्वेक्षणका अनुसार कोरियामा ३१ र संयुक्त राज्य अमेरिकामा १४ रहेको पाइयो । थाइल्याण्डमा काम गर्ने समय प्रति घण्टा ५५ देखि ६६.२६ जुन विकसित मुलकु भन्दा २० घण्टा बढी हो (UNICEF 1996, page 89)।

यसै सन्दर्भमा नेपालमा भएका मजदुर सम्बन्धि निति नियमहरु तथा कानुनहरुको तल समिक्षा गरिएको छ । मजदुरको हित तथा भलाईका साथै अधिकार रक्षाका लागि नेपालले पनि संयुक्त राष्ट्रसंघले तयार गरेको सन्धि तथा महासन्धि समर्थन गर्नका साथै कानुनको समेत तर्जुमा गरेको छ । सैद्धान्तिक रुपमा मजदुरलाई नियमविपरित काममा लगाउने गैर कानुनी भए तापनि व्यवहारमा त्यस्तो पाईंदैन । प्रायजसो हरेक क्षेत्रमा स-साना बिद्यालय जाने उमेरका बालबालिकाहरुलाई पनि घरेलु काममा लगाएको पाईन्छ । तर नेपालमा प्रायजसो घरमा काम गर्ने कामदारहरुले कम तलबमा लामो समयसम्म काम गर्ने भएतापनि सामान्य सुविधाबाट टाढा रहेका पाइएका छन् । साथै महिला घरेलु कामदारहरु शारिरीक शोषणको शिकार पनि भएका खबरहरु पत्र पत्रिकामा यदाकदा प्रकाशित भएका पाईन्छन् । एकातिर मजदुर सम्बन्धि विविध नीति नियम तथा कानुनहरु

निर्माण तथा प्रतिबद्धता व्यक्त भएका छन् भने तिनलाई व्यवहारिक रुपमा प्रयोग गर्न सकिरहेको पाईंदैन साथै प्राय जसो नीति नियम तथा ऐन कानुनहरु औपचारिक क्षेत्रमा मात्र सिमित रहेको पाईन्छ ।

नेपालमा इट्टा-भट्टा उद्योगको विकास अध्ययन गर्न कठिन छ तर नवलपरासी उपत्यका तथा देशका विभिन्न पुरातात्विक धरोहरूहरू ईट्टाले बनेको तथ्यका आधार मा यसको इतिहासको अनुमान गर्न सकिन्छ । नवलपरासीमा ढुङ्गाको अभावले भवन निर्माणमा पोलेका तथा काँचो ईट्टाको प्रयोग विस्तृत रुपमा हुन्छ । इट्टा निर्माण 'अवाले' थर भएकाहरूको पारम्परिक पेशा हो । अहिले पनि 'अवाले' पुस्ता नै ईट्टा निर्माणमा सक्रिय छ । पारस्परिक भट्टाले गुणस्तरीय ईट्टा दिन सक्दैन किनभने त्यसमा गल्ने प्रक्रिया, त्यसबाट उत्पादन हुने तापमा नियन्त्रण रहँदैन । तराईको सहरी क्षेत्र तथा पुरातात्विक महत्वका अन्य सहरमा पनि ईट्टाको प्रयोग धेरै वर्ष देखि भएको पाइन्छ । तराईका ईट्टाभट्टाले भारतबाट प्रविधि पाए । भट्टामा चिम्नी हुन्छन् जसले ग्याँसका रुपमा फोहोर फाल्छन् । अण्डाकारको त्यस चिम्नीमा उत्पादन लगातार हुन्छ । काँचो ईट्टा बीचमा खाली ठाउँ राखेर खाट लगाईन्छ । खाली ठाउँमा कोइला, भुस, काठ, आदि राखिएको हुन्छ । जल्ने प्रक्रिया र ताप तसर्थ नियन्त्रण हुन्छ जसबाट गुणस्तर राम्रो रहन्छ ।

**नेपालमा औद्योगिक श्रमिकको अवस्था**

नेपालमा धेरै उद्योग सहर केन्द्रित छन् । समग्रमा सहरी उद्योगमा दिइने पारिश्रमिक ज्यादा भएतापनि सीपविहीन श्रमिकका लागि यो मौका छैन । श्रम, श्रमिक करार गर्ने प्रक्रिया अझ संकुचित छ । श्रमिक तथा श्रमिकले गर्ने उत्पादन घट्दो रहेकाले प्रक्रिया संकुचित भएको हो ।

श्रमिकको कार्यशक्ति उनीहरूको क्षमता एवं लगनशीलतामा भर पर्छ । श्रमिकको कार्य शक्ति प्राथमिक रुपमा उनीहरूको सीप, शैक्षिक दक्षता, तालिम र प्राविधिक दक्षताले मापन गरिन्छ । उद्योगको वातावरणले पनि उत्पादकत्व बढाउन मद्दत गर्छ । श्रमिकको आधारभूत आवश्यकताहरू, स्वाभिमानी जीविकोपार्जन सुनिश्चित छैन । रगत पसिना बगाएका श्रमिकहरू गरिबीमा पिल्सिन बाध्य छन् । अति क्षुब्ध परिवेशमा काम गरी उनीहरू झुपडीमा रहन बाध्य छन् । तथ्य हो यो नेपाली श्रमिक धेरै सुविधाबाट वञ्चित छन् । उनीहरूको न्यून आर्थिक अवस्थाका कारण बेरोजगारी

बढ्दो छ । आर्थिक विकासका लागि व्याप्त शैक्षिक संरचनामा आमरिक परिवर्तन ल्याई रोजगारमुखी बनाउन जरुरी छ ।

आउँदो वर्षमा उत्पादक उद्योगले नयाँ रोजगारी दिने सम्भवाना छ । आकर्षक तलब भत्ता तथा सुविधाको बाबजुद निजी क्षेत्रले श्रमिकलाई आकर्षित गर्न सकेका छैनन् । विकास तथा उत्पादन क्षेत्रले नयाँ रोजगार दिने प्रवल सम्भावना देखिन्छ ।

## २.२ पूर्व अध्ययनको समिक्षा

यस अध्यायमा हालसम्म मजदुर सम्बन्धि अध्ययन गरिएका तथा प्राप्त साहित्यहरुको विवेचना तथा विश्लेषण गरिएको छ । साथै मजदुर र मजदुर सम्बन्धि कानुन तथा निति नियमहरु आदिको पनि विवेचना गरिएको छ । मजदुर तथा बालश्रम सम्बन्धि विषयमा विभिन्न व्यक्ति तथा संघ संस्थाहरुले विभिन्न ठाउंमा फरक फरक समयमा अध्ययन गरेका छन् । प्राप्त भएका अध्ययनहरुका सार यस अध्यायमा देखाईएको छ । 'ईट्टा उद्योगलाई राष्ट्रिय उद्योगको मान्यता दिन माग' शिर्षकमा पोखरा व्यवसायीले ईट्टा उद्योगलाई राष्ट्रिय उद्योग सरह मान्यता दिन सरकारसंग माग गरेका छन् । उनीहरुले ईट्टा उद्योगलाई मौसमी उद्यमको दायरामा ल्याएर भिन्न श्रम ऐनको व्यवस्था गर्नुपर्ने बताएका छन् । नेपाल ईट्टा उद्योग महासंघको सम्मेलनमा सभाका वक्ताले ईट्टा उद्योगका व्यवसायलाई परम्परागत घरेलु उद्योगको श्रेणिमा राखी विशेष नीति ल्याउनु पर्ने उनीहरुको माग छ । महासंघले सरकार समक्ष ईट्टा उद्योगलाई एकमुष्ट करको दर निर्धारण गरी फ्ल्याट रेट अफ ट्याक्स प्रणालीमा दर्ता गर्ने व्यवस्था मिलाउनु पर्ने भनेको छ । चिया मजदुरको श्रमऐन जस्तै ईट्टा उद्योगको लागि पनि भिन्न ऐनको व्यवस्था गर्नुपर्ने, ईट्टाको अवैध यातायात नियन्त्रण गरि भन्सारबाट आउने ईट्टामा शतप्रतिशत भन्सार मिनाहा गरिनुपर्ने, प्रदुषण कम गर्ने प्रविधि जडान गर्दा आयात गर्नुपर्ने यन्त्र, उपकरण र मेसिन औजार कम मुल्यमा दिइनुपर्ने, मुल्य अभिवृद्धि कर, आयकर, जरिवाना, व्याजदर लगायत मिनाहा गर्नुपर्ने माग सम्मेलनमा राखे (गोरखापत्र दैनिक, २०६९ असोज २ गते) ।

समाज सेवा तथा मानव अधिकारमा महिला र बालबालिका (सिविस) नामक संस्थाले नवलपरासीं महानगर पालिकामा मात्रै पनि २८,७०० घरमा घरेलु काम गर्ने बाल श्रमिकहरु रहेको पाईन्छ (भक्ति, अंक ३, २०६०, आश्विन) ।

बालमजदुर सरोकार केन्द्र (सिविन) ले गरेका अर्को एक सन् १९९३ को अध्ययन को आधारमा प्रायजसो सबै बालकामदारहरु कम उमेरका छन् अर्थात् १४ वर्ष भन्दा कमका । यो उमेर भनेको शारीरिक र मानसिक विकाश को बेला हो र यसबेला स्वतन्त्रता, मनोरन्जन गर्ने, साथी भाई, पढ्ने तथा अन्य क्रियाकलापको आवश्यकता पर्ने समय हो । नेपालमा जम्मा ५० हजार बालबालिकाहरु घरेलु कामदारको रुपमा र लगभग १२ हजार जतिको हाराहारिमा इट्टा उद्योगमा काम गर्ने बालमजदुर सरोकार मन्चले सार्वजनिक गरेको प्रतिवेदनमा जनाईएको छ । प्रतिवेदनमा शहरिकरण र गरिबीका कारण एशियामा बालमजदुरको संख्या अप्रत्याशित रुपमा बढेको बताईएको छ । एशियाका शहरी तथा ग्रामिण क्षेत्रमा विश्वका जम्मा बालमजदुर मध्ये २० प्रतिशत ले घरमा काम गर्ने कामदारका रुपमा कार्य गरिरहेको जनाईएको छ । प्रतिवेदन को आधारमा बंगलादेशमा १२ लाख, श्रीलंकामा १ लाख, नेपालमा ६२ हजार घरेलु बालमजदुर रहेका छन् । यस क्षेत्रका अधिकांश बालमजदुर मध्ये बालबालिकाहरु माथि यौन शोषण तथा शारीरिक यातना समेत भए गरेको जनाईएको छ (गोरखापत्र, २०६४ भदौ ७) ।

धेरै नेपाली श्रमिकहरु यस्तो श्रम गरिरहेका छन् जसबाट तिनको भलाईको सट्टा शोषित तथा घाइते भईरहेका पाईन्छन् । श्रमिकहरु कलकारखाना, निर्माण जस्ता दर्जनौं क्षेत्रमा कार्यरत छन् । धेरैजसो कामले तिनको स्वास्थ्यलाई हानी पारिरहेको छ भने तिनिहरुको कामको आधारमा तलब थोरै प्राप्त गर्दछन् । तिनिहरु स्वास्थ्य, हेरचाह, शिक्षा तथा जागिर छोड्न पाउने अधिकारबाट समेत वन्चित रहेका छन् (UNICEF 1996, page 89)।

श्रम विरुद्धको विश्वयात्राले सबै संस्कारहरु अन्तराष्ट्रिय संस्थाहरु र आम जनसमाजलाई श्रमिकको संरक्षणको निमित्त ठोस कार्यक्रमहरु संचालन गर्न यस प्रतिवेदन (out of the shadow a worldwide Report on the worst forms of Labour) को सुचना र जानकारीहरु प्रयोग गर्ने छन् भन्ने अपेक्षा राखेको छ । १४० राष्ट्रहरुको सहकर्मीहरु रहेको श्रम विरुद्धको यो विश्वयात्रा विश्वका ३५ करोड श्रमिकहरुको निम्ति प्रतिवद्ध सवैभन्दा राम्रो अभियान हो । स्मरण रहोस् १९९८ बाट थालनी भएको

यस श्रमिक विरुद्धको विश्य यात्राले आइ.एल.ओ. महासन्धि नं १८२ लाई सर्वसम्मत बनाउन र श्रम शोषणका विरुद्ध चेतना जगाउन महत्वपुर्ण भुमिका निर्वाह गरेको थियो (SPARC, २००१)।

नेपालमा २०५८ सालमा आइ.एल.ओ., आइपेक ले गरेको सर्वेक्षण मा नेपालमा हाल ४५,००,००० कामदारहरु विविध पेशामा संलग्न रहेका छन् । तिनिहरु मध्ये शहरी क्षेत्रमा घरेलु कामदारको रुपमा ६५,०००, कारखानामा काम गरिरहेकाहरुको संख्या ६०,०००, खतरनाक स्थितिमा भरिया भई काम गरिरहेकाहरुको संख्या ४६,००० र अन्य संघसंस्थामा काम गर्ने श्रमिकहरु ४३,२९,००० रहेको सो अध्ययनले पत्ता लगाएको छ । त्यसैगरि श्रम अधिकार संबन्धमा अन्य विविध ऐन नियमहरुमा समेत व्यवस्था गरेको पाईन्छ । ती विविध ऐन तथा नियमहरुमा नगरपालिका ऐन २०४८ को दफा ६३ (१), शिक्षा ऐन २०४८ को दफा ७, नागरिक अधिकार ऐन २०१२ को दफा ५, चिया बगान सम्बन्धि श्रम नियमावलि २०५० कारागार ऐन, २०१९ को दफा १० (क) आदि रहेका छन् । त्यसैगरि सामाजिक कल्याण ऐन, (१९९२) आदिले पनि श्रमिकको अधिकार रक्षा तथा सुरक्षित भविष्यप्रति संकेत र श्रमिकको विकासमा प्रयत्न गरेको छ । श्रम शोषणलाई कम गर्नको लागि श्रम शोषण (निषेध र नियमित गर्ने) ऐन २०५६ लाई पारित गरेको छ । उक्त ऐनले श्रम ऐन २०४८ तथा बालबालिका सम्बन्धि ऐन २०४८ मा भएका कतिपय व्यबस्थालाई यसमा समाहित गरेको छ । यस ऐनमा भिन्न भिन्न जाति, धर्म, लिङ्ग, भाषा तथा सामाजिक स्तर भएपनि शिक्षा, स्वास्थ्य, पानी, सरसफाई तथा सुरक्षाको अधिकारलाई प्रष्टरुपमा व्याख्या गरेको छ । सोही ऐनको दफा १७ मा १४ बर्ष उमेर नभएका बालबालिकालाई काममा लगाउन नमिल्ने भनिएको छ । त्यसैगरि दफा ४७ ले श्रमिकका रुपमा लगातार ३ घण्टा काम गरेपछि आधा घण्टाको विश्राम दिनैपर्ने व्यबस्था गरिएको छ । त्यस्तै श्रम ऐन २०४८ को परिच्छेद २, दफा ५ ले पनि यिनै प्रावधानलाई व्यवस्था गरेको छ । साथै यस कानुनले खानीमा जोखिम काम गर्न पनि प्रतिबन्ध लगाएको छ । श्रम ऐन २०४८ ले उद्योग भएका जिल्लाहरुमा कमसेकम एक जना जिल्ला श्रम अधिकृत र श्रम निरिक्षेक को व्यवस्था गरेको छ । यसै गरि नेपालको संविधानको धारा २० ले मान्छेको किनबेच र इच्छा बिना श्रम गर्न लगाउन बन्देज गरेको छ (सतार: १९: ९३: ९०) ।

General Federation of Nepalese Trade Unions (GEFONT) सन् २००७ सालमा “Nepal Lobour Under the Chimney- A study on the brick kilns of Nepal” विषयक अध्ययन सम्पन्न गरेको थियो । उक्त अध्ययन मजदुरहरुको जोखिम मुद्दाहरुको बारेमा व्याख्या विश्लेषण गर्ने तथा कमैयाको

रुपमा काम गर्ने मजदुरहरुको अवस्थाको विषयमा अध्ययन गर्ने मुल उद्देश्यका लागि गरिएको थियो । त्यस्तै मजदुरहरुको शैक्षिक तथा पारिवारिक अवस्थाको विषयमा अध्ययन गर्ने, कमैया प्रथाको निरन्तरता, विभिन्न क्षेत्र तथा धर्मका मजदुरहरुमा देखिने भिन्नता यि अध्ययनका अन्य उद्देश्यहरु रहेका छन् । अध्ययनमा ३ विकास क्षेत्रका ५ जिल्लामा सर्वे गरिएको थियो । मोरङ, बाँके, ललितपुर, भक्तपुर र तनहुँ जिल्लालाई केन्द्र मानि सर्वेक्षण गरि यो अध्ययन सम्पन्न गरिएको थियो । GEFONT ले गरेको उक्त अध्ययनले "एउटा ईट्टाभट्टाले ३५० देखि ५०० जना मजदुरलाई रोजगारी प्रदान गरिरहेको, नेपाली उद्योगपतिहरु भारतका कामदारहरुप्रति आकर्षण भएको" निष्कर्ष निकालेको छ भने "ऋण दिनु मजदुरलाई उद्योगमा लिएर आउने पहिलो उपाय रहेको, यो काम वर्षभरिका लागि नहुने, कामदारहरुलाई शोषण हुने, कामदारहरुको एकता नहुने, उनीहरुलाई कमैयाको रुपमा काम लगाउने" निष्कर्ष निकालेको छ ।

UN का अनुसार सामीजिक सुरक्षा आधारभूत मानव अधिकार हो । तर एकदम कम जनताले यो सुरक्षा, सुविधा प्राप्त गर्छन् । ILO का अनुसार विश्वका ८० प्रतिशत मानिसमा सामाजिक सुरक्षाको पहुँच छैन । विश्वको आधा जनसङ्ख्या कुनै पनि सुरक्षाबाट वञ्चित छ । Sub-saharan अफ्रिका र दक्षिण एसियामा त आधारभूत सामीजिक सुरक्षा करिब १०% जनसङ्ख्यालाई मात्र प्राप्त छ ।

GEFONT (1998) को अध्ययनअनुसार उच्च जनसङ्ख्या बृद्धिदर न्यून उत्पादकत्व, न्यून आर्थिक विकास, न्यून तलब तथा पुँजी केन्द्रित उत्पादनले बेरोजगारी संख्या बढाउन सहयोग गरेको छ । श्रमिकको भूमिकालाई र विकासमा उत्पादन उद्देश्य, प्रतिस्पर्धा, सीप, नयाँ प्रविधिको विकास, पहिचान, रोजगारदाताको बेवास्ता आदिले नकरात्मक असर गर्छ ।

"Labor Administration profile or Nepal" शीर्षकमा ILO ले प्रकाशन गरेको अध्ययन सराहनीय छ । यो प्रतिवेदनले संक्षिप्त रुपमा नेपालमा प्रचलित श्रमिक प्रशासनको स्वरुप र त्यसको उद्देश्य व्याख्या गरेको छ । एउटा सक्षम श्रम/श्रमिक प्रशासन, श्रमदाता र श्रमिक दुवैको भरोसा बदलिँदो अर्थतन्त्र एवं सामाजिक अवस्थासँग जुट्न महत्त्वपूर्ण भुमिका खेल्दै श्रम गर्ने अवस्था तथा देशको विकासमा सहयोग गर्न सक्छ ।

श्रमिकको आधारभूत आवश्यकताहरू, स्वाभिमानी जीविकोपार्जन सुनिश्चित छैन । रगत पसिना बगाएका श्रमिकहरू गरिबीमा पिल्सिन बाध्य छन् । अति क्षुब्ध परिवेशमा काम गरी उनीहरू झुपडीमा रहन बाध्य छन् । तथ्य हो यो नेपाली श्रमिक धेरै सुविधाबाट वञ्चित छन् । उनीहरूको न्यून आर्थिक अवस्थाका कारण बेरोजगारी बढ्दो छ । आर्थिक विकासका लागि व्याप्त शैक्षिक संरचनामा आमरिक परिवर्तन ल्याई रोजगारमुखी बनाउन जरुरी छ । आउँदो वर्षमा उत्पादक उद्योगले नयाँ रोजगारी दिने सम्भवाना छ । आकर्षक तलब भत्ता तथा सुविधाको बाबजुद निजी क्षेत्रले श्रमिकलाई आकर्षित गर्नसकेका छैनन् । विकास तथा उत्पादन क्षेत्रले नयाँ रोजगार दिने प्रवल सम्भावना देखिन्छ ।

एक अध्ययन अनुसार ईट्टाभट्टामा काम गर्ने ५० प्रतिशत मजदुर १४ देखि १८ वर्ष उमेरका छन् । अन्य १४ वर्ष भन्दा कम उमेरका छन् । अधिकांश कामदार सर्लाही, दाङ, रोल्पा, सल्यान, रुकुमका छन् । साना तथा घरेलु उद्योग विभागका अनुसार नवलपरासी उपत्यकामा १ सय १० ईट्टा कारखाना छन् । भक्तपुरमा मात्र सबैभन्दा बढी ६४ वटा छन् । यी कारखानामा साढे चार सयदेखि ६ सयसम्मले काम पाएका छन् । काँचो ईट्टा बनाउने र तयारी ईट्टा गाडीमा लोड गर्ने अधिकांश महिला छन् ।

## २.३ नीतिगत समिक्षा

श्रमिकहरूको चाहना, नैतिक प्रवर्द्धन तथा भौतिक अवस्थाको संरक्षण, श्रम ऐन अन्तर्गत हुन्छ । श्रम ऐनलाई मुलुकको औद्योगिक, आर्थिक तथा समाजिक उद्देश्य तथा श्रम समस्या संवोधन गर्ने ऐनका रुपमा परिभाषित गर्न सकिन्छ । श्रमिकहरूको हित चाहने ऐनका रुपमा एक महत्वपूर्ण सामाजिक ऐन पनि मान्न सकिन्छ । नेपालमा श्रमिक सम्बन्धी विभिन्न ऐन तथा कानुन व्याप्त छन् ; ती मध्ये factory and factory worker's act 1959, factory and factory worker's regulation 1962, Boney Act 1975, labor Act 1992 आदि छन् ।

श्रमिक ऐनका अनुसार श्रम ऐन १९९२ ले श्रम विवाद क्रमशः मिलाउने जनाएको छ । सो ऐनले विस्तृत रुपमा गलत आचरणका आधारमा गर्न सकिने कारबाहीको प्रावधान छ । सोही ऐनमा काम गर्नुपर्ने समय, दिन, सो बापतको सुविधा, मुआब्जा, आन्दोलन वा हडताल गर्न पाउने, मजदुर हक

अधिकार इत्यादिको व्याख्या गरिएको छ । श्रम कार्यलाई तलब दिन ढिलाई वा नदिइएको वा गैरकानुनी गिरावटको मुद्दा सुन्न र त्यस सम्बन्धी निर्णय गर्ने अधिकार दिइएको छ । साथै नयाँ अध्यादेश मार्फत श्रमिकहरूको तलब भत्ता तथा सुविधा नेपाल सरकारले बढाउन सक्ने प्रावधान छ । दश वा थोरै मजदुर रहेको कम्पनीमा पनि यो लागु हुनेछ । श्रम ऐनले श्रमिकको स्वास्थ्य, सुरक्षा रहितको अधिकार संरक्षण गर्न विशेष भूमिका निर्वाह गर्छ । साथै श्रमिक तथा श्रमदाता बीचको सुमधुर सम्बन्धको पनि संरक्षण गर्छ । धेरै श्रमिकहरू यद्यपि श्रम ऐनको दायरा बाहिरै रहेका छन् । श्रम ऐन पूर्णत लागु नहुनुमा ऐनको प्रवर्द्धन गर्न गरिएको लापरबाहीलाई दोषि मान्न सकिन्छ । जन शक्तिका कमीले र प्रशाधनका कमीले कानुनले श्रमिकलाई दिएको सुविधा तथा दायित्वहरू पूरा हुन सकेका छैनन् । दशौं पञ्चवर्षीय योजनाले औद्योगिक शान्ति, स्वस्थ तथा सुरक्षित कार्यस्थल सुधार गर्दै कामदारको मर्यादा जोगाउँदै गरिबी क्रमशः निवारण गर्दै जाने योजना बनाएको छ ।

### ट्रेड युनियनको भूमिका

ट्रेड युनियन जागिर र आम्दानीको रक्षा गर्न गठन गरिने संस्थान हो । युनियनको अर्को उद्देश्य काम र जीवनको सुरक्षा सुनिश्चित गर्नु हो । साथै शोषण विरुद्ध र काम सम्बन्धित बराबरीको आकलन गर्नु हो । ट्रेड युनियनको उद्देश्य श्रमिकको अवस्था सुधार गर्नु हो । सन् १९८९ पश्चात युनियन मार्फत नै शक्ति सन्तुलन गरिन्छ । तसर्थ युनियन निर्माण बहुदलिय संयन्त्रमा हुन्छ । ट्रेड युनियनले श्रमिकको हक अधिकार सुनिश्चित गर्छ । ट्रेड युनियनको प्राथमिक कार्य श्रमिकको हकहित सुरक्षित गर्नु, भेदभाव अन्त्य गर्नु र कुनै गलत हस्तक्षेप वा चलनबाट श्रमिकको सुरक्षा गर्नु हो । श्रमिकको पक्षमा सम्झौता गर्नु, तलब भत्तामा वृद्धि, काम माथि नियन्त्रण गर्नु हो । ट्रेड युनियनको अनुपस्थितिमा श्रमिकहरूले समस्या झेल्ने सम्भावना हुन्छ । न्यूनतम तलब भत्ता, तालिम, सफा खानेपानी, बालबच्चाका लागि शिक्षा ट्रेड युनियनको दबाबले मात्र सम्भव हुन्छ । अखिल नेपाल ट्रेड युनियन नेपालमा सन् १९५० मा गठन भएको थियो । तर सन् १९६० मा पञ्चायत व्यवस्था लागु भएपछि भने युनियन रही रहन सकेन । तर सन् १९७९ मा पुनः आधा दर्जन भन्दा बढी युनियनको स्थापना भयो । तर आपसी समझदारीको अभावले राष्ट्रिय स्तरको संगठन हुन सकेन । सन् १९८९ जुलाईमा भने GEFONT को स्थापना भयो र राष्ट्रिय स्तरको ट्रेड युनियन दर्ता भयो । युनियको संरचना बहुदलिय हुन्छ ।

श्रम ऐनको दफा ३२ ले चोटपटक लाग्न सक्ने र स्वास्थ्यमा प्रतिकल असर पर्न सक्ने अवस्था भए कनै श्रमिक तथा कामदारलाई कनै वजन उचाल्ने, लोडिङ्ग गर्ने तथा त्यसको ओसारपसार गर्ने काममा लगाउन नपाईने व्यवस्था गरेको छ ।

(बालश्रम एक समस्या र प्रतिवद्धता)

- O.L.O. महासन्धि १३८ न्यनतम उमेर सम्वन्धि महासन्धिको अनुमोदन ।
- महिला विरुद्ध हुने सवै प्रकारका भेदभाव उन्मुलन सम्वन्धि संयुक्त राष्ट्र संघीय महासन्धि (CEDAW) १९७९ को अनुमोदन ।
- संयुक्त राष्ट्र संघीय वाल अधिकार सम्वन्धि महासन्धि (CRC १९८९) को अनुमोदन ।
- SAARC – Colombo Resolution On Children (1992)

# अध्याय-तीन
# अनुसन्धान विधि

## ३.१ अध्ययनको ढाँचा

यो अनुसन्धान प्रमुख रुपमा क्षेत्र सर्वेक्षणमा आधारित रहने छ । यस अध्ययनको ढाँचा वर्णनात्मक र विश्लेषणात्मक किसिमको छ । अध्ययनका विशिष्ट उद्देश्यहरूको परिपूर्तिको लागि यो अनुसन्धान मूल रुपमा प्राथमिक स्रोतहरूमा आधारित भएर गरिएको छ । यसमा उद्देश्यलाई ध्यानमा राखेर सम्बन्धित इट्टा उद्योगमा काम गर्ने श्रमिकहरूको जातिय जनजातिय संरचना, उमेर, परिवारको आकार, धर्म, कामको किसिम, ज्याला दर, रोजगारी संख्या, वैवाहिक स्थिति, शैक्षिक स्थिति, जमिनमाथिको स्वामित्व, मासिक आम्दानी, खर्च, पारिवारिक पेशा आदिबारे सूचनाहरूको संकलन गरी त्यसको विश्लेषण गरिएको छ ।

## ३.२ अध्ययन क्षेत्रको छनौट र यसको औचित्य

यो अनुसन्धान कार्य मध्यविन्दु नगरपालिका वडा नं ४ नवलपरासी जिल्लामा केन्द्रीत रहेको छ । यो क्षेत्र छनोट गर्नुमा यस क्षेत्रमा विभिन्न वर्ग, क्षेत्र, जाति, भाषाका मानिसहरूको संलग्नता रहेको कारणबाट हो । नवलपरासी जिल्लामा भएका ईट्टा उद्योगहरू मध्ये यस क्षेत्रमा अन्य क्षेत्रको तुलनामा धेरै श्रमिकहरू रहेका पाइन्छन् । धेरै उद्योगहरूमध्ये प्रतिवर्ष गुणस्तर र उत्पादनको आधारमा अन्य उद्योगभन्दा बढी र राम्रो रहेकाले र यस उद्योगमा काम गर्ने मजदुरको संख्या पनि बढी भएकाले यस उद्योगलाई छानिएको हो ।

प्रस्तुत अध्ययन नवलपरासी जिल्लाको मध्यविन्दु नगरपालिका मा गरिने छ । नेपालमा विभिन्न उद्योग धन्दाहरुमा कार्य गर्ने मजदुरहरुको बारेमा विस्तृत अध्ययन गरिएको भए तापनि नवलपरासी जिल्लाका इट्टाभट्टामा काम गर्ने मजदुरको विषयमा अहिलेसम्म कुनै अध्ययन नगरिएकोले यस विषयमा अध्ययन गर्न आफैमा औचित्यपूर्ण हुने छ । प्रस्तुत अध्ययन पश्चात् यस क्षेत्रमा काम गर्ने मजदुरहरुको यथार्थ अवस्थाको विस्तृत जानकारी प्राप्त गर्न सकिने साथै भविष्यमा मजदुर सम्बन्धी कार्ययोजना बनाउने एवम् लागू गर्ने सम्बन्धमा यस अध्ययनले सहयोग पुग्ने छ ।

## ३.३ समग्रता र नमुना छनोट

प्रस्तुत अध्ययन क्षेत्रमा काम गर्ने मजदुरहरुको जम्मा संख्या ४५ रहेकोले अध्ययन क्षेत्रमा ४५ जना मजदुरहरु काम गर्दछन । ति सबै मजदुरलाई संगणना विधिका माध्यमबाट छनौट गरी अध्ययनलाई अगाडी बढाइएको छ ।

## ३.४ तथ्याङ्कको प्रकृति र स्रोतहरू

यो अध्ययनको आधार तथा तथ्याङ्क संकलनका लागि प्राथमिक तथा द्वितीय स्रोतहरूको प्रयोग गरिएको छ । प्राथमिक तथ्याङ्क अन्तर्गत क्षेत्र सर्वेक्षण, प्रश्नावली, अर्न्तवार्ता तथा सुपरिवेक्षण बाट प्राप्त तथ्याङ्कहरू रहने छन् साथै परिमाणात्मक तथा गुणात्मक दुवै प्रकारका तथ्याङ्कहरूलाई समावेश गरिने छ । प्राथमिक स्रोत अन्तर्गत जनसंख्या, वैवाहिक स्थिति, परिवारको किसिम, शिक्षा, स्वास्थ्य, सहयोग, समस्या र संचार, पेशा भू-स्वामित्व, वार्षिक आम्दानी र खर्च, आधुनिक उपकरण पर्दछन् भने द्वितीय स्रोत अर्थात् गुणात्मक स्रोत अन्तर्गत संस्कार, पूजाआजा, चाडपर्वहरू यस अन्तर्गत पर्दछन् ।

त्यसैगरी द्वितीय तथ्याङ्क सम्बन्धित क्षेत्रसँग सम्बन्धित प्रकाशित भएका जानकारी तथा सूचनाहरू, किताब, पत्रिका, शोधपत्र तथा इन्टरनेटबाट प्राप्त जानकारीहरू छन् ।

## ३.५ तथ्याङ्कको संकलन तथा विधिहरू

यस अध्ययन यथार्थ सूचना तथा तथ्याङ्कहरूको संकलनका लागि निम्नलिखित अनुसन्धान प्रविधिहरूलाई अपनाइने छ ।

### ३.५.१ अर्न्तवार्ता

प्रस्तुत अध्ययनमा प्राथमिक तथ्याङ्क संकलनको निमित्त अर्न्तवार्ता विधि अपनाइने छ । कुनै विषयसँग सम्बन्धित सूचना प्राप्त गर्न यो प्रमुख विधि रहेको हुन्छ । यसमा ईट्टा सम्बन्धी अनुभवी श्रमिकहरू यस क्षेत्रका शिक्षित जनता तथा समूह नेताबारे तिनीहरूसँग आमने सामने बसेर

जानकारी लिने गरिन्छ । जसमा पारिवारिक जनसंख्या, किसिम, शिक्षा, स्वास्थ्य, आम्दानी स्रोतहरू, आदि जस्ता तथ्याङ्कहरू संकलन गरिएको छ । तथ्याङ्क संकलन विधिमा प्रश्न सूची तयार पारी अध्ययन क्षेत्रका ४५ श्रमिकसँग सरल भाषामा अन्तवार्ता लिइएको छ ।

### ३.५.२ सर्वेक्षण

मध्यविन्दु नगरपालिका वडा नं ४ मा रहेका ईट्टा उद्योगको सम्पूर्ण सर्वेक्षण गरिएको छ । विभिन्न प्रश्नावलीहरू तयार गरी त्यहाँको प्रशासन तथा छानिएका श्रमिकहरूबाट जानकारी पनि लिइएको छ ।

### ३.५.३ अवलोकन

अवलोकन गुणात्मक सूचना संकलनका लागि एक प्रमुख साधनको रुपमा अपनाइएको छ । अवलोकनको माध्यमबाट उद्योगको वस्तुस्थिति आवासको अवस्था, श्रमिकहरूको भेषभूषा, उद्योगको अवस्थिति आदि तथ्याङ्कहरूको संकलन गरिएको छ ।

### ३.५.४ प्रश्नावली अनसूची

तथ्याङ्क संकलन विधिमा प्रश्न सूची तयार पारी श्रमिकहरूको आर्थिकस्तर, ईट्टा उद्योगमा काम गर्नुपर्ने कारण, समय तालिका (alternative during off seasons) श्रमिकहरूले काम गर्नुपर्ने समय, त्यहाँका श्रमिकहरूसँगको सम्बन्ध, स्वास्थ्य तथा वातावरणमा पार्ने प्रभाव सम्बन्धी जानकारी लिइएको छ ।

### ३.५.५ मुख्य जानकार ब्यक्ति तथा संस्थाहरूबाट प्राप्त जानकारी

International Labour organization, office of cottage and विभिन्न जानकारी तथा गैह्र सरकारी संस्थाहरू जस्तै Nepal Labor small industries, मध्यविन्दु नगरपालिका अधिकृत, DDC आदि यिनीहरूबाट प्राप्त विभिन्न प्राथमिक तथा द्वितीय तथ्याङ्कको अध्ययन । source: (ILO-IPEC-Labour in Nepal)

### ३.६ तथ्याङ्कको विश्लेषण र प्रस्तुतीकरण

कुनै पनि अध्ययन अनुसन्धानको सफलता गरिएका तथ्याङ्क प्रभावकारी विश्लेषण नै प्रस्तुतीकरण हो । तथ्याङ्क विश्लेषण गर्दा तथ्याङ्कलाई  एकमुष्ट गरी वैज्ञानिक रुपले विशेषताको आधारमा तालिकीकरण गरी संख्यात्मक तथ्याङ्कलाई प्रतिशत प्रस्तुत गरिएको छ भने गुणात्मक तथ्याङ्कलाई सामान्य रुपमा वर्णन गरिएको छ ।

### ३.७ अध्ययनका सीमाहरू

कुनै पनि अध्ययन कार्य आ-आफ्नै प्रकारका विशिष्ट उद्देश्यहरूको परिपूर्तिका लागि सम्पन्न गरिएका हुन्छन् । एउटै अध्ययन कार्यले सधैंभरि सम्पूर्ण क्षेत्रको प्रतिनिधित्व गर्न सक्छ भन्न सकिदैन । कुनै पनि अध्ययन कार्य एउटा निश्चित सीमा भित्र रहेर मात्र सम्पन्न गरिनु पर्ने बाध्यता हुन्छ । यस अध्ययनका आफ्नै प्रकारका क्षेत्र तथा सीमाहरू छलफल निम्न रुपमा उल्लेख गर्न सकिन्छ ।

(क) प्रस्तुत अध्ययन त्रि.वि. मानविकी तथा सामाजिक शास्त्र संकाय अन्तर्गत कुमारवर्ती बहुमुखी क्याम्पसको समाजशास्त्रको विद्यार्थीका हैसियतले आंशिक आवश्यकता परिपूर्ति गर्ने क्रममा तयार गरिनुपर्ने भएकाले समय र आर्थिक सीमाका कारण विभिन्न क्षेत्रका श्रमिकहरूलाई समेट्न सकिएको छैन ।

(ख) यस अध्ययनको केन्द्रविन्दु नवलपरासीको मध्यविन्दु नगरपालिका वडा नं ४अन्तर्गत रहेको ‘ईट्टा उद्योग’ लाई मानेर अध्ययन कार्य सम्पन्न गरिएको सन्दर्भमा यस उद्योग क्षेत्रमा पनि सत्य ठहरिन्छ भन्न नसकिने हुन्छ । किनकि प्रस्तुत अध्ययनले नारायणी गा.वि.स. क्षेत्र स्थित ईट्टा उद्योगमा काम गर्ने विभिन्न प्रकारका महिला, बालबालिका तथा अरु श्रमिकहरूमा एकमुष्टमा ४५ जना श्रमिकहरूलाई मात्र समेटेको सन्दर्भमा यसबाट निस्किएको निष्कर्ष यस क्षेत्रको लागि सही भएता पनि अन्य क्षेत्र समय वा परिवेशका श्रमिकहरूका बारेमा पनि पूर्ण रुपमा सहि र प्रासंङ्गिक हुन्छ भनी भन्न सकिदैन ।

(ग) यो अध्ययन कार्य समय, साधन र स्रोतको सीमितताले गरिएको कारणले विषयसँग सम्बन्धित सबै पक्षहरूबारे पूर्ण रुपले अध्ययन गर्न नसकिएको र पछि सम्म पनि यस अध्ययनले अहिलेको जस्तै प्रतिनिधित्व गर्न सक्छ भन्न सकिन्न तैपनि वर्तमान स्थितिको सन्दर्भमा भने यसले सही प्रतिनिधित्व गर्न सकेको छ भन्न सकिन्छ ।

# अध्याय - चार

# उत्तरदाताको सामाजिक आर्थिक अवस्था

## ४.१ श्रमिकहरूको सामाजिक अवस्था

### ४.१.१ श्रमिकहरूको स्थायी वासस्थान

यो अध्ययनबाट यस ईट्टा उद्योगमा काम गर्ने श्रमिकहरू मध्ये केही मजदुरहरु विभिन्न प्रकारका दुर्गम क्षेत्रबाट बसाईं सरेर आएको पाइयो । धेरै श्रमिकहरू नेपालको पश्चिमी पहाडी क्षेत्रबाट आएको पाइयो । जसलाई तलको तालिका १ मा देखाइएको छ ।

**तालिका १ : स्थाइ बासस्थानको आधारमा उत्तरदाताको वर्गीकरण**

| क्र.सं. | स्थाइ बासस्थान | श्रमिकको संख्या | % श्रमिक |
|---|---|---|---|
| १ | रोल्पा | ६ | १३.३३ |
| २ | रुकुम | ८ | १७.७७ |
| ३ | कपिलबस्तु | ५ | ११.११ |
| ४ | भारत | ६ | १३.३३ |
| ५ | रुपन्देही | ४ | ८.८८ |
| ६ | स्थानीय नवलपरासी | ११ | २४.४४ |
| ७ | जम्मा | ४५ | १०० |

स्रोत : स्थलगत अध्ययन, २०७२

तालिका १ अनुसार यस ईट्टा उद्योगमा संलग्न मध्ये १३.३३% श्रमिकहरू चितवनबाट आएको पाइयो । त्यसै गरी १७.७७% श्रमिकहरू मकवानपुर, १३.१३% भारत, ११.११% कपिलबस्तु र रुपन्देहीबाट ८.८८ प्रतिशत बसाईं सरेर आएका पाइयो ।

### ४.१.२ स्थायी ठेगाना परिवर्तन गर्नुको कारण

यस अध्ययनबाट के पत्ता लागेको छ कि बहुसङ्ख्यक श्रमिकहरू देशको विभिन्न जिल्लाको दुर्गम क्षेत्रबाट आएको पाइन्छ । उनीहरू गाउँ छोड्नुको कारण सोध्दा धेरै किसिमका उत्तरहरू प्राप्त भए उनीहरूका अनुसार आफ्नो वास्तविक वासस्थान छोड्नुको कारण मुख्यतः गाउँमा रोजगारी नहुनु र साथमा उचित सुरक्षाको प्रत्याभूमि नहुनु हो । त्यसैगरी अन्य केही कामदारका अनुसार उनीहरूको

बसाइँ-सराइको प्रमुख कारण गरिवि रहेको पाइएको छ । प्रस्तुत तालिकाबाट आफ्नो वास्तविक ठाउँ छाड्नुका कारणहरू देख्न सकिन्छ ।

**तालिका २ : उत्तरदाताहरुले स्थायी ठेगाना परिवर्तन गर्नुको कारण**

| क्र.सं. | कारण | श्रमिकको संख्या | श्रमिकको प्रतिशत |
|---|---|---|---|
| १ | गरिबी | २० | ४४.४५ |
| २ | असुरक्षा | १५ | ३३.३३ |
| ३ | बेरोजगारी | १० | २२.२२ |
| ४ | जम्मा बसाईंसराइ | ४५ | १०० |

स्रोत : स्थलगत अध्ययन, २०७२

तालिका २ अनुसार ४४.४४ प्रतिशत श्रमिकहरू गरिबीको कारणबाट गाउँ छोडेर आएको पाइयो त्यसै गरी ३३.३३% विभिन्न किसिमका असुरक्षा माओवादी द्वन्द्व पीडित भएर पहिला नै गाउँबाट निष्कासित भएका तथा २२.२२ प्रतिशत श्रमिकहरू धेरै रोजगारीबाट वञ्चित भएर आएको पाइयो । यस सर्वेक्षणबाट निष्कर्षमा धेरै जसो जनताहरू गरिबीको कारणले सहरी क्षेत्रमा बसाईं सरेर आएका छन् ।

### ४.१.३ जातजातीय विवरण

जातिय विभिन्नता नै सामाजिक तथा आर्थिक क्षेत्रमा विशेष indicators हो । समान्यतया ठूला जाति हुनेहरू तल्ला स्तरका साना जाति भन्दा आर्थिक तथा सामाजिक स्तरमा राम्रा हुन्छन् । त्यसैले सामाजिक तथा आर्थिक स्तर निर्धारण गर्न जातियता को मुख्य भूमिका हुन्छ । यस ईट्टा उद्योगमा जातियताको आधारमा काम गर्ने श्रमिकहरूको संख्या तथा प्रतिशतलाई तालिका ३ मा यसरी प्रस्तुत गरिएको छ ।

**तालिका ३ : जातियताको आधारमा उत्तरदाताको विवरण**

| क्र.सं. | जतजाति | श्रमिकको संख्या | श्रमिकको प्रतिशत |
|---|---|---|---|
| १ | ब्राम्हण | २ | ४.४५ |
| २ | थारु | १५ | ३३.३३ |
| ३ | मगर/तामाङ्ग | १८ | ४०.०० |
| ४ | क्षेत्री | ६ | १३.३३ |
| ५ | नेवार | ४ | ८.८९ |
| जम्मा | | ४५ | १०० |

स्रोत : स्थलगत अध्ययन, २०७२

यस तालिकाअनुसार मगर/तामाङ्ग जातिहरू यस नवलपरासी ईट्टा उद्योगमा बढी पाइयो । ४० प्रतिशत श्रमिकहरू मगर/तामाङ, १३.३३% क्षेत्री, ३३.३३% थारु, ८.८९% नेवार र जम्मा ४.४५% मात्र ब्राम्हणहरू रहेको पाइयो ।

### ४.१.४ परिवारको आकार

सामाजिक तथा धार्मिक स्तर निर्धारण गर्ने तत्त्व एक परिवारको आकार पनि हो । यस इट्टा उद्योगमा परिवारका सम्पूर्ण सदस्यले गर्ने भिन्न किसिमका काम भएकाले धेरै जसो परिवारका सबै सदस्यहरू काममा व्यस्त हुने गर्दछन् । श्रमिकहरूको सामान्य परिवारको आकार ७.५ भएको पाइयो । जसलाई तालिका ४ मा देखाइएको छ ।

**तालिका : ४ उत्तरदाताहरुको परिवारको आकार**

| क्र.सं. | परिवारको आकार | श्रमिकको संख्या | श्रमिकको प्रतिशत |
|---|---|---|---|
| १ | २ | ३ | ६.६७ |
| २ | ३ | ६ | १३.३३ |
| ३ | ४ | १४ | ३१.११ |
| ४ | ५ | १२ | २६.६७ |
| ५ | ६ भन्दा बढी | १२ | २६.६७ |
| | जम्मा | ४५ | १०० |

स्रोत : स्थलगत अध्ययन,२०७२

माथिको तालिकाबाट सानो २ जनाको परिवार भएको श्रमिकको संख्या ६.६७ र ठूलो ४ जनाको परिवार भएको श्रमिकको संख्या ३१.११, ३ जनाको परिवारको संख्या १३.३३ र पाँच जनाको परिवारको संख्या २२.२२ प्रतिशत छ त्यस्तै ६ तथा त्यसभन्दा बढी संख्या परिवारको आकार भएको २६.६७ प्रतिशत छ ।

### ४.१.५ उमेरको आधारमा श्रमिकहरू

ईट्टा उद्योगमा काम गर्ने श्रमिकहरू सबै उमेर समूहको पाइयो । परिवारका सबै सदस्यहरू उद्योगको भिन्न-भिन्न भागमा काम गर्ने गरेको पाइयो जसमा बाल श्रमिकहरू पनि उल्लेख्य रुपमा पाइयो । उमेरको आधारमा यस ईट्टा उद्योगमा काम गर्ने श्रमिकहरूको संख्यालाई ५ नं को तालिकामा यसरी प्रस्तुत गरिएको छ ।

**तालिका ५ : उमेरको आधारमा उत्तरदाताहरू**

| क.सं. | उमेर समूह (वर्ष) | श्रमिकको संख्या | श्रमिकको प्रतिशत |
|---|---|---|---|
| १ | ५–१५ | ५ | ११.११ |
| २ | १६–२५ | १९ | ४२.२२ |
| ३ | २६–३५ | १५ | ३३.३३ |
| ४ | ३६–४५ | ४ | ८.८९ |
| ५ | ४५ भन्दा माथि | २ | ४.४५ |
| जम्मा | | ४५ | १०० |

स्रोत : स्थलगत अध्ययन,२०७२

५ नं को तालिका अनुसार ईट्टा उद्योगमा उमेरका आधारमा रहेका श्रमिकहरूको समूह देखाइएको छ । जसमा १६-२५ उमेर समूहका श्रमिकहरू बढी पाइयो भने त्यसैगरी त्यस उमेर समूहमा ४२.२२ प्रतिशत श्रमिकहरू छन् । ११.११ प्रतिशत ५-१५ वर्ष सम्मका बाल मजदुरहरू पाइयो ।

**४.१.६ लिङ्गको आधारमा**

यस अध्ययनबाट महिला तथा पुरुष दुवै लिङ्ग समूहका उमेर समूहका व्यक्तिहरू संलग्न भएको पाइयो । जसमा महिलाको तुलनामा पुरुषको संख्या नै बढी भएको पाइयो । ६ नं. को तालिकामा लिङ्गको आधारमा रहेको श्रमिकको संख्यालाई देखाइएको छ ।

**तालिका ६ : लिङ्गको आधारमा उत्तरदाताको संख्या**

| क.सं. | लिङ्ग | श्रमिकको संख्या | श्रमिकको प्रतिशत |
|---|---|---|---|
| १ | पुरुष | ३१ | ६८.८९ |
| २ | महिला | १४ | ३१.११ |
| जम्मा | | ४५ | १०० |

स्रोत : स्थलगत अध्ययन,२०७२

महिला तथा पुरुष श्रमिकको संख्या क्रमश: ३१ र ४१ रहेको छ । ६ नं. को तालिका अनुसार महिला तथा पुरुष श्रमिकको संख्या झण्डै उस्ते-उस्तै नै हुन गएको छ त्यसमा धेरै भिन्नता पाइएको छैन ।

### ४.१.७ शैक्षिक स्तर

सामाजिक-आर्थिक विशेषताको रुपमा श्रमिकहरूको शैक्षिक स्तर पनि अर्को एक महत्त्वपूर्ण रहेको हुन्छ । श्रमिकहरूको साक्षरताको स्तर तिनीहरूको शिक्षा ज्ञान तथा क्षमताबाट फरक-फरक हुन्छ । प्रस्तुत अध्ययनबाट अलि अलि पढे लेखेका जान्ने सुन्ने पारिवारका सदस्यहरू पैसा कमाउनका लागि विदेशिएका र औपचारिक शिक्षाबाट वञ्चित भएका निरक्षर व्यक्तिहरू यसमा संलग्न भएको बढी पाइयो ।

तालिका नं. ७ मा ईट्टा उद्योगका श्रमिकहरूको शैक्षिकस्तर सम्बन्धी प्रस्तुत गरिएको छ ।

**तालिका ७ : लिङ्गको आधारमा उत्तरदाताहरूको शैक्षिक स्तर**

| क्र.सं. | साक्षरता दर | महिला | पुरुष | जम्मा |
|---|---|---|---|---|
| १ | निरक्षर | ९ (२०) | १४ (३१.११) | २८ (५१.११) |
| २ | साक्षर तर स्कुल नगएका | ४ (८.८९) | ८ (१७.७८) | १२ (२६.६७) |
| ३ | एस.एल.सी | २ (४.४४) | ८ (१७.७८) | १० (२२.२२) |
| जम्मा | | १५ (१३.३३) | ३० (६६.६७) | ४५ (१००) |

स्रोत : स्थलगत अध्ययन, २०७२

तालिका नं. ७ अनुसार निरक्षर श्रमिकहरूको बाहुल्यता बढी रहेको पाइयो । जुन ५१.११ प्रतिशत मा महिला २० प्रतिशत र पुरुष ३१-११ प्रतिशत छन् । त्यसैगरी २६.६७ प्रतिशत श्रमिकहरू साक्षर छन् । तर तिनीहरूले विद्यालयमा भर्ना भएर औपचारिक रुपमा शिक्षा प्राप्त गरेका छैनन् । जसमा आफ्ना नाम लेख्न सक्ने तथा स-साना हिसाब-किताब गर्न सक्ने श्रमिकहरू रहेका छन् । २२.२२ प्रतिशत श्रमिकहरूले SLC तथा त्यो भन्दा कम विद्यालयमा भर्ना भएर शिक्षित भएको पाइयो जसमा ४.४४ प्रतिशत महिला छन् भने १७.७८ प्रतिशत पुरुष रहेका छन् । ७ नं. को तालिकाबाट यस उद्योगमा काम गर्ने श्रमिकहरूको शैक्षिकस्तर एकदम कम छ भने झन् पुरुषको तुलनामा महिलाको शैक्षिकस्तर एकदमै न्यून रुपमा रहेको पाइयो । यसबाट पनि के प्रष्ट हुन्छ भने पुरुषको तुलनामा महिलाको शैक्षिक स्तर एकदम कमजोर रहेको प्रष्ट हुन आउँछ ।

### ४.१.८ श्रमिकहरूको कार्य विभाजन

ईट्टा उद्योगमा विभिन्न किसिमका कामहरू हुन्छन् जस्तो ईट्टा सार्नु, ईट्टा बोक्नु, ईट्टा चाङ लगाउनु, ईट्टा पोल्नु, आदि । प्राप्त जानकारी अनुसार कामदारको कार्य विभाजन निम्न तरिकाबाट गरिएको पाइएको छ । जसलाई तालिका नं. ८ मा प्रस्तुत गरिएको छ ।

**तालिका ८ : उत्तरदाताहरूको कार्य विभाजन**

| क्र.सं. | श्रमिकको प्रकार | श्रमिकको संख्या | श्रमिकको प्रतिशत |
|---|---|---|---|
| १ | ईट्टा पार्ने | १८ | ४० |
| २ | ईट्टा बोक्ने | १४ | ३१.११ |
| ३ | ईट्टा पोल्ने | १३ | २८.८९ |
| जम्मा | | ४५ | १०० |

स्रोत : स्थलगत अध्ययन,२०७२

यस तथ्याङ्कबाट धेरै जसो उद्योगका श्रमिकहरू ईट्टा बनाउने काममा संलग्न हुने थाहा भयो । जसमा ४० प्रतिशत श्रमिक ईट्टा बनाउने, ३१.११ प्रतिशत श्रमिकहरू ईट्टा पारेको ठाउँबाट ईट्टा पोल्ने ठाउँ सम्म ईट्टा बोकेर पुऱ्याउन संलग्न छन् । जसमा ईट्टा भारी हालि दिने र निकाल्ने श्रमिकहरू पनि पर्दछन् । त्यसैगरी २८.८९ प्रतिशत श्रमिकहरू ईट्टा पोल्ने काममा संलग्न छन् ।

### ४.१.९ ईट्टा उद्योगको मालिकसँगको सम्बन्ध

मानिसहरूको गुणस्तरीय जीवनका लागि समाजका मानिसहरूसँगको सम्बन्धले पनि असर गर्दछ । त्यसैगरी उद्योगमा काम गर्ने श्रमिकहरूको उद्योगको मालिकसँग हुने सम्बन्ध पनि एक सामाजिक सम्बन्ध हो । राम्रो सम्बन्धले श्रमिकहरूको जीवनस्तरमा पनि राम्रो प्रभाव पार्छ । श्रमिकहरूले बताएअनुसार यस उद्योगका श्रमिक तथा उद्योग मालिक बीचको सम्बन्धलाई तालिका नं.९ मा देखाइएको छ ।

**तालिका ९ : उत्तरदाताहरूको मालिकसँगको सम्बन्ध**

| क्र.सं. | सम्बन्धको किसिम | श्रमिकको संख्या | श्रमिकको प्रतिशत |
|---|---|---|---|
| १ | धेरै राम्रो | ९ | २० |
| २ | राम्रो | २० | ४४.४५ |
| ३ | सम्बन्ध छैन | १६ | ३५.५५ |
| जम्मा | | ४५ | १०० |

स्रोत : स्थलगत अध्ययन, २०७२

यस तथ्याङ्कबाट धेरै ४४.४५ प्रतिशत श्रमिकहरूको मालिकसँगको सम्बन्ध राम्रो देखिएको छ । त्यसैगरी २० प्रतिशत श्रमिकहरूको सम्बन्ध धेरै राम्रो छ भने ३५.५५ प्रतिशत श्रमिकहरूको

उद्योगको मालिकसँग कुनै सम्बन्ध नरहेको थाहा भयो । उनीहरूको भनाइअनुसार ती श्रमिकहरूको सम्बन्ध उद्योगको मालिकसँग नभई समूहको नेतासँग भएको थाहा भयो ।

### ४.१.१० कार्यको इतिहास

श्रमिकहरूको हालको सामाजिक-आर्थिक अवस्था उनीहरूको विगतको अवस्थाबाट प्रभावित भएको पाइन्छ । त्यस्तै ईट्टा उद्योगका कामदारहरूको वर्तमान अवस्था पनी उनीहरूको विगतको अवस्थाबाट प्रभावित देखिन्छ । हाम्रो प्रश्नमा उनीहरूको जवाफ के पाइयो भने उनीहरू यस काममा संलग्न हुनु भन्दा पहिला आफ्नो जन्म स्थानमा नै कृषिमा संलग्न रहेको पाइएको छ । उनीहरूका अनुसार श्रमिकहरूलाई उनीहरूको कामको मध्यस्तकर्ता जसलाई नाइके भनेर चिनिने गरिन्छ । उसले नै ईट्टा उद्योगमा काम गर्नको लागि उत्प्रेरित गरेर ईट्टा उद्योगसम्म ल्याइएको पाइन्छ । प्रस्तुत तालिकामा श्रमिकहरूले उनीहरूको काम कहिले देखि सुरुवात गरे देखाइएको छ ।

**तालिका १० : उत्तरदाताहरूको कार्यको अबधि**

| क.सं. | वर्ष (वि.सं.) | श्रमिकहरूको संख्या | श्रमिकहरूको प्रतिशत |
|---|---|---|---|
| १ | २०६४ तथा अगाडी | ६ | १३.३३ |
| २ | २०६५ | ४ | ८.८९ |
| ३ | २०६६ | ७ | १५.५६ |
| ४ | २०६८ | ९ | २० |
| ५ | २०७० पछि | १९ | ४२.२२ |
| जम्मा | | ४५ | १०० |

स्रोत : स्थलगत अध्ययन, २०७२

तालिका नं. १० बाट २० प्रतिशत श्रमिकहरू २०६८ सालमा ईट्टा उद्योगमा संलग्न हुन आएको पाइयो जुन अरु  वर्षको तुलनामा सबैभन्दा बढी हो । ईट्टा उद्योगमा काम गर्ने श्रमिकहरूको संख्या विस्तारै बढ्दो क्रममा रहेको पाइएको छ । यस उद्योगमा संलग्न हुन भन्दा अगाडी उनीहरु गाउँमा नै कृषिमा संलग्न भएको र त्यसबाट पर्याप्त मात्रामा आम्दानी हुन नसकेको कारणले उनीहरूको दैनिक जीवनमा कठिनाई हुँदै गएकाले ईट्टा उद्योग तर्फ आकर्षित भएको पाइएको छ । विस्तारै ईट्टा उद्योगमा काम गर्ने श्रमिकको संख्या बढ्दै जानुमा देशमा रहेको जनसंख्यामा युवा बेरोजगारीको संख्या बढ्नु हो । देशको स्थितिले गर्दा अलि अलि शिक्षित व्यक्तिहरू रोजगारीको सिलसिलामा विदेश पलायन हुने र गाउँमा बस्ने उचित वातावरण नभएकाले  वयस्कले सहरमा आई ईट्टा

उद्योगमा सजिलै काम गर्न सकिने र परिवारका सम्पूर्ण सदस्यहरू यसमा नै संलग्न भई आम्दानी गर्न सक्ने भएकाले दिनानुदिन  पहिलाको तुलनामा बढ्दै गइरहेको हो ।

### ४.१.११ श्रमिकले भोगेका समस्याहरू

जब श्रमिकहरू उद्योगमा काम गर्न थाल्छन् तब तिनीहरूले केही समस्याहरू भोग्नु पर्दछ । श्रमिकले धेरै जसो काम गरे वापत प्राप्त ज्याला निश्चित समयमा नपाउने जस्ता समस्याहरू भोगेका छन् भने त्यसै गरी स्वास्थ्य तथा काम सम्बन्धी समस्याहरू पनि भोगेको पाइन्छ । तालिका ११ मा श्रमिकहरूले काम गर्ने सिलसिलामा भोगेको समस्यालाइ देखाइएको छ ।

**तालिका ११ : उत्तरदाताले भोगेका समस्याहरू**

| क.सं. | समस्याको किसिम | श्रमिकको संख्या | श्रमिकको प्रतिशत |
|---|---|---|---|
| १ | ज्यालासँग सम्बन्धित | २० | ४४.४५ |
| २ | कामसँग सम्बन्धित | १४ | ३१.११ |
| ३ | स्वास्थ्यसँग सम्बन्धित | ११ | २४.४५ |
| जम्मा | | ४५ | १०० |

स्रोत : स्थलगत अध्ययन, २०७२

ईट्टा उद्योगमा काम गर्ने श्रमिकहरूले विभिन्न किसिमका समस्याहरू भोगेता पनि धेरै जसो ज्याला सम्बन्धी समस्याहरू भोगेको पाइन्छ । धेरै जसो समस्याहरू तिनीहरूले प्राप्त गर्ने ज्यालाबाट तिनीहरूको आधारभूत आवश्यकता पूरा गर्नको लागि पनि पर्याप्त नभएको पाइन्छ भने उनीहरूले निश्चित समयमा ज्याला नपाउने गरेको पनि देखिएको छ ।

त्यसपछि तिनीहरूले भोगेका समस्या कामसँग सम्बन्धित छ । जसमा ४४.४४ प्रति प्रतिशत श्रमिकहरूले ज्यालासँग सम्बन्धित समस्याहरू भोगेको छन् भने ३१.११ प्रतिशत श्रमिकहरूले कामसँग सम्बन्धित समस्याहरू भोगेको छन् भने त्यसैगरि २४.४५ प्रतिशत श्रमिकहरूले स्वास्थ्यसँग सम्बन्धीत समस्या भोगेको पाइयो ।

### ४.१.१२ श्रमिकहरूले आफूले गरेको कामबाट प्राप्त सन्तुष्टि

हामीले त्यहाँ काम गर्ने श्रमिकहरूलाई आफूले गरेको कामबाट कति सन्तुष्ट हुनुहुन्छ भनेर जानकारी लिँदा धेरै जसो श्रमिकहरूले उनीहरूको काम गर्ने दिन समय, कामको किसिम तथा प्राप्त ज्यालाबाट आफू सन्तुष्ट भएको बताए । यसमा सन्तुष्ट हुनुको मुख्य कारण आफूमा भएको

असक्षमता नै प्रमुख रुपमा रह्यो । उनीहरू धेरै जसो अशिक्षित तथा अरु धेरै ज्ञान नभएकाले अरु काम गर्न नसकिने तर यस कामको लागि शिक्षित हुनु नपर्ने भएकाले पनी आफ्नो कामबाट पूर्ण रुपमा सन्तुष्ट मिलेको प्रष्ट हुन आउँछ । कोहीले आफूमा भएको कमजोरीको कारणले यस कामबाट सन्तुष्ट भएको थाहा भयो । केही श्रमिकहरू आफ्नो कामबाट असन्तुष्ट भएको पनि थाहा भयो । उनीहरू यस उद्योगमा ६ महिना मात्र संलग्न हुँदा अरु अवसरबाट वञ्चित हुनुपरेकाले असन्तुष्ट भएको थाहा भयो । तालिका नं. १२ ले ईट्टा उद्योगमा काम गर्ने श्रमिकहरूको सन्तुष्टिलाई देखाइएको छ ।

**तालिका १२ : उत्तरदाताहरूको कामबाट सन्तुष्टि**

| क.सं. | सन्तुष्टिको अवस्था | श्रमिकको संख्या | श्रमिकको प्रतिशत |
|---|---|---|---|
| १ | सन्तुष्टि | २१ | ४६.६७ |
| २ | सन्तुष्ट नभएको | १४ | ३१.११ |
| ३ | भन्न नचाहने | १० | २२.२२ |
| | जम्मा | ४५ | १०० |

स्रोत : स्थलगत अध्ययन, २०७२

तालिका नं. १२ अनुसार ४६.६७ प्रतिशत श्रमिकहरू तिनीहरूको कामबाट सन्तुष्ट भएको र ३१.११ प्रतिशत श्रमिकहरू आफूले गरेको कामबाट सन्तुष्ट नभएको मजबुरीले मात्र काम गरेको प्रष्ट हुन्छ । उनीहरू असन्तुष्ट हुनुको कारण त्यहाँबाट पाउने सेवा-सुविधा तथा भिन्न-भिन्न किसिमका ज्याला दर आदि पर्दछन् । जसमा श्रमिकहरू मध्येमा २२.२२ प्रतिशत श्रमिकहरूले सोधेको प्रश्नको कुनै जवाफ नै दिएनन् जसमा बाल श्रमिक तथा महिलाहरू पर्दथे ।

### ४.१.१३ वातावरणीय प्रदुषण

वातावरणीय प्रदुषण मुख्य ईट्टा उद्योगबाट उत्पन्न हुने समस्याको रुपमा पर्छ । धुवाँको कालो मुस्लो जुन ईट्टा भट्टाबाट उत्पन्न हुन्छ जुन सिधै वायुमण्डलसँग मिसिन गई वायुमण्डलीय तह प्रदुषित हुन जान्छ । वायु प्रदुषणको कारणबाट दम, क्षयरोग, छाला सम्बन्धी रोगहरू, आँखा चिलाउने जस्तो रोगहरूको प्रकोप भएको पाइन्छ । यति मात्र नभई यसबाट उत्पन्न हुने धुवाँको कारणले वातावरणीय तापक्रममा वृद्धि हुन गई अहिले विश्व वातावरणले भोल्दै आएको global warming (भूमण्डलीय तापमानमा वृद्धि) जस्तो पैदा गराएको छ ।

बहुसङ्ख्यक कामदारहरू निरक्षर छन् । अध्ययनमा संलग्नको जवाफ अनुसार उनीहरूको बुझाइमा ईट्टा उद्योगबाट स्वास्थ्यमा नकरात्मक प्रभाव परेको छ । यही वातावरण तथा प्रदुषणका कारण विभिन्न रोगहरु बाट ग्रस्त हुनु परेको अवस्था छ । प्रस्तुत तालिकामा उनीहरुको बुझाइको अवस्था देखाइएको छ ।

**तालिका १३ : ईट्टा उद्योगले प्रदुषण बनाएको छ/छैन उत्तरदाताहरुको भनाई**

| क.सं. | प्रदुषण बनाएको छ/छैन | श्रमिकको संख्या | श्रमिकको प्रतिशत |
|---|---|---|---|
| १ | छ | ३५ | ७७.७८ |
| २ | छैन | १० | २२.२२ |
| | जम्मा | ४५ | १०० |

स्रोत : स्थलगत अध्ययन, २०७२

तालिकाबाट के स्पष्ट हुन्छ भने ७.७८ प्रतिशत श्रमिकहरूले यस उद्योगबाट वातवारणमा प्रदुषण प्रभाव पारेको छ भन्ने उत्तर दिए भने २२.२२ प्रतिशत श्रमिकहरूले त्यस सम्बन्धमा त्यति धेरै जानकारी नभएको बताए ।

त्यसैगरी धेरै जसो उत्तरदाताले हावा प्रदुषण, भूमि प्रदुषण तथा ध्वनि प्रदुषण भएको जवाफ दिएका छन् । कति उत्तरदाताहरू भने आफूले उत्तर दिँदा उनीहरूलाई उद्योगको मालिकले केही भन्ने हो कि भन्ने डरले मौन रहेका थिए ।

### ४.१.१४ ईट्टा उद्योगमा संलग्न भएपछिको श्रमिकहरूको स्वास्थ्य अवस्था

यसमा काम गर्ने श्रमिकहरूको यहाँ संलग्न हुनुभन्दा पहिलाको स्वास्थ्य स्थिति बुझ्न जरुरी हुन्छ । जसले गर्दा यस उद्योगमा संलग्न भएपछि उनीहरूको स्वास्थ्यमा के-कति असर परेको छ कि छैन भन्ने कुरा थाहा पाउन सकिन्छ । धेरै जसो ईट्टा पोल्ने काम गर्ने श्रमिकहरू बढी समय आगोमा बस्नु पर्ने भएकाले उनीहरूको स्वास्थ्यमा असर पर्ने गरको थाहा पाइयो भने त्यसैगरी ईट्टा पार्नु पर्ने काम गर्ने श्रमिकहरू पनि बढी भन्दा बढी समय हिलो माटोमा चल्नु पर्ने भएकाले उनीहरूको शरीरमा एलर्जी हुने आदि जस्ता समस्याहरू पाइए । जसलाई तालिका १४ मा श्रमिकहरूको स्वास्थ्यमा पर्ने समस्या स्पष्ट देखाइएको छ ।

**तालिका १४ : उत्तरदाताहरूको स्वास्थ्य समस्या**

| क.सं. | श्रमिकहरूको स्वास्थमा परेको समस्या | श्रमिकको संख्या | श्रमिकको प्रतिशत |
|---|---|---|---|
| १ | टाउको दुख्ने | १८ | ४० |
| २ | आँखा दुख्ने/चिलाउने | १४ | ३१.११ |
| ३ | रिंगटा लाग्ने | ९ | २० |
| ४ | अन्य | ४ | ८.८९ |
| जम्मा | | ४५ | १०० |

स्रोत : स्थलगत अध्ययन, २०७२

तालिका १४ बाट के प्रष्ट हुन्छ भने ईट्टा उद्योगमा काम गर्ने जम्मा श्रमिकहरू मध्ये ४० प्रतिशतलाई टाउको दुख्ने, ३१.११ प्रतिशतलाई आँखा सम्बन्धी समस्या हुने तथा २० प्रतिशत श्रमिकहरूलाई रिंगटा लाग्ने जस्ता स्वास्थ्यमा हुने समस्याहरू बताएका थिए । त्यसैगरी ८.८९ प्रतिशत श्रमिकहरू तिनीहरूलाई विभिन्न खाले समस्याहरू जस्तै :- श्वासप्रश्वास सम्बन्धी समस्याहरू भएको जवाफ दिएका थिए ।

## ४.२ श्रमिकहरूको आर्थिक अवस्था

श्रमिकहरूले उद्योगबाट प्राप्त गर्ने सेवा सुविधाहरूबाट नै तिनीहरूको गुणस्तरीय जीवनको निर्धारण हुन्छ । धेरै सेवा सुविधा प्राप्त गर्न सकेमा उनीहरूको गुणस्तरीय जीवन पनि राम्रो हुन्छ । यस अध्ययनबाट श्रमिकहरूले बस्नको लागि आवासको सामान्य सुविधा पाएको थाहा हुन आयो भने उनीहरूको बस्ने ठाउँ पनी अस्थायी तथा असुरक्षित भएको पाइयो । त्यस बाहेक श्रमिकहरूलाई सामान्य स्वास्थ्य समस्या परेमा औषधीहरूको व्यवस्था पनी गरिएको छ । त्यति मात्र नभएर त्यहाँ काम गर्ने श्रमिकका स-साना बच्चाहरूलाई बुबाआमा काममा गएको बेलामा राख्ने शिशु स्याहार केन्द्र पनि राखिएको छ । जसमा बालबाकिलहरूलाई त्यहाँ नै निःशुल्क रुपमा खाने, बस्ने तथा सामान्य पढाउने व्यवस्था मिलाइएको पाइयो । तर यति नै श्रमिकहरूको लागि पर्याप्त भने छैन ।

### ४.२.१ आय, खर्च तथा वचत

### ४.२.२ ज्याला भुक्तानी गर्ने तरिका

उद्योगमा संलग्न श्रमिकहरूलाई तिनीहरूको काम गर्ने क्षमताको आधारमा पैसा दिने गरिन्छ । यदि परिवारका सम्पूर्ण सदस्यहरू यसै उद्योगमा संलग्न भएमा परिवारको प्रमुख व्यक्तिलाई तिनीरुले गरेको कामको आधारमा ज्याला दिइन्छ । त्यहाँ रहेको श्रमिकहरूलाई तिनीहरूको आम्दानीको बारेमा सोधपुछ गर्दा विशेष गरी बाल मजदुरहरूलाई उनीहरूले गरेको काम वापत कति ज्याला प्राप्त गर्छन् भन्ने कुरा थाहा नभएको पाइयो । १५ को तालिकामा तिनीहरूले ज्याला कसबाट प्राप्त गर्छन् भन्ने कुरा देखाइएको छ ।

**तालिका १५ : उत्तरदाताहरुले ज्याला प्राप्त गर्ने तरिका**

| क.सं. | ज्याला प्राप्त गर्ने तरिका | श्रमिकको संख्या | श्रमिकको प्रतिशत |
|---|---|---|---|
| १ | आफैँबाट प्राप्त | ३० | ६६.६७ |
| २ | आफू भन्दा ठूलाबाट | १५ | ३३.३३ |
| जम्मा | | ४५ | १०० |

स्रोत : स्थलगत अध्ययन, २०७२

१५ को तालिका अनुसार यस उद्योगमा काम गर्ने मजदुरुहरू मध्ये ६६.६७ प्रतिशत मजदुरहरूले आफूले काम गरे बापत प्राप्त ज्याला आफैं लिने गर्दछन् भने ३३.३३ प्रतिशत कामदारबाट प्राप्त ज्याला रकम तिनीहरू भन्दा ठूला परिवारका व्यक्तिले लिने गरेको पाइएको छ । जसबाट महिला तथा बालबालिकाहरूले काम गरे बापत प्राप्त ज्याला उनीहरू आफैंले नलिई उनीहरूमा परिवारका आफू भन्दा ठूला व्यक्तिले लिने गरेको पाइयो ।

### ४.२.३ ज्यालाको समयमा भुक्तानी

श्रमिकहरूलाई काम गरे बापत निश्चित समयमा ज्याला उपलब्ध गराउनु महत्त्वपूर्ण कुरा हो । जसले गर्दा श्रमिकहरूले तिनीहरूको भिन्न-भिन्न किसिमका कामहरू गर्न सकुन् । यसलाई स्पष्ट तरिकाले नं. १६ को तालिकाबाट स्पष्ट गराइएको छ ।

**तालिका १६ : उत्तरदाताहरुको भनाई ज्याला समयमा प्राप्त भएको छ/छैन**

| क्र.सं. | ज्यालाको समयमा भुक्तानी | श्रमिकको संख्या | श्रमिकको प्रतिशत |
|---|---|---|---|
| १ | छ | २८ | ६२.२३ |
| २ | छैन | १७ | ३७.७७ |
| जम्मा | | ४५ | १०० |

स्रोत :- स्थलगत अध्ययन, २०७२

तालिका १६ बाट तोकिएको समयमा नै ज्याला प्राप्त गर्न सकिन्छ तथा सकिएको छ भन्ने श्रमिकको संख्या नै बढी पाइयो । जसमा ६२.२३ प्रतिशत श्रमिकले समयमा नै प्राप्त गर्न सकिएको भने तर ३७.७७ प्रतिशत श्रमिकले निश्चित समयमा आफ्नो ज्याला प्राप्त नभएको जानकारी प्राप्त भयो ।

### ४.२.४ श्रमिकका खर्च

श्रमिकहरूले बताएअनुसार उचित समयमा ज्यालाको भुक्तानी हुन नसक्नाले उनीहरूले दैनिक जीवन सञ्चालन जस्तै रासन, स्वास्थ्य, यातायात जस्ता क्षेत्रमा समस्या भोग्दै आएका छन् । उनीहरूले उनीहरूको खर्चको हिस्सा मनोरञ्जनमा खासै लगाएको पाइदैन न उनीहरूमा यसका कुनै चाहना भएको नै पाइन्छ । अध्ययनमा संलग्न श्रमिकका अनुसार जब उनीहरूमा अचानक स्वास्थ्यको समस्या आइ पर्दा उचित समयमा पारिश्रमिक नपाउनाले कि त ऋण वा साथीभाइसँग सापटी अथवा उनीहरूको पहिलाको बचतबाट खर्च गर्नुपर्ने देखिन्छ ।

### ४.२.५ श्रमिकले गर्ने बचत

बचत उनीहरूको जीवनको अवस्थाको बारेमा पत्ता लगाउने एक महत्त्वपूर्ण सूचाङ्क हो । यसबाट नै उनीहरूको वास्तविक अवस्था झल्कन्छ । अधिकांश श्रमिकका अनुसार उनीहरूले कमाएर वचत गर्न ६ महिनाको रकम आगामी ६ महिना जुन समयमा उनीहरू सामान्य तया पूर्ण बेरोजगार रहन्छन् । उक्त समयको आवश्यकताहरू परिपूर्ति हुनमा खर्च हुन्छ । १७ नं को तालिकाबाट उनीहरूले गर्ने बचतको उपयोगलाई देखाइएको छ ।

**तालिका १७ : उत्तरदाताहरूको बचतको उपयोग**

| क.सं. | बचतको उपयोग | श्रमिकको संख्या | श्रमिकको प्रतिशत |
|---|---|---|---|
| १ | जमिनमा | ३ | ६.६ |
| २ | गाउँमा परिवारलाई पठाउने | १३ | २८.८९ |
| ३ | छ महिना काम नहुँदा उपयोग गर्ने | १८ | ४०.०० |
| ४ | बचत नगर्ने | ११ | २४.४४ |
| जम्मा | | ४५ | १०० |

स्रोत : स्थलगत अध्ययन,२०७२

तालिका नं. १७ अनुसार श्रमिकहरूले काम गरे बापत प्राप्त रकमबाट ४० प्रतिशत उनीहरूले काम नभएको ६ महिनाको लागि बचत गरेको पाइयो । त्यसैगरी २८ प्रतिशत गाउँमा रहेको आफ्नो परिवारलाई पठाउने गरेको पाइयो । कुल मध्ये २४.४४ प्रतिशतले उनीहरूमा कुनै वचत नभएको जवाफ दिएका छन् भने मात्र ६.६७ प्रतिशतले उनीहरूको वचत जग्गा लगानीमा लगाएको बताएका छन् ।

## ४.२.६ ईट्टा उद्योगमा संलग्न उत्तरदाताहरूको भनाइ

श्रमिकहरूको विभिन्न समूहहरूसँग गरिएको अर्न्तवार्ताबाट के स्पष्ट हुन्छ भने ईट्टा उद्योग श्रमिकहरूको एक महत्त्वपूर्ण आय स्रोतको रुपमा रहेको छ जसबाट उनीहरूको दैनिक जीवन सञ्चालन गर्न मद्दत पुगेको छ । उनीहरूको मुख्य पेशा कृषि भए तापनि पर्याप्त मात्रामा जमिनको अभाव भएका कारणले उनीहरूले त्यसबाट पर्याप्त मात्रामा आम्दानी गर्न सकेको थिएनन् । तालिका १८ बाट श्रमिकहरूको ईट्टा उद्योग एक आम्दानीको स्रोत हो होइन भन्ने विचारलाई प्रष्ट पार्न खोजिएको छ ।

**तालिका १८ : उत्तरदाताहरूको विचार**

| क.सं. | आयको स्रोत | श्रमिकको संख्या | श्रमिकको प्रतिशत |
|---|---|---|---|
| १ | छ | ३१ | ६८.८९ |
| २ | छैन | १४ | ३१.११ |
| जम्मा | | ४५ | १०० |

स्रोत : स्थलगत अध्ययन, २०७२

तालिका नं. १८ बाट ईट्टा उद्योग एक आर्थिक आम्दानीको स्रोतको रुपमा रहेको स्पष्ट हुन्छ । जसमा ६८.८९ प्रतिशत श्रमिकहरूको यस प्रति सकारात्मक विचार रह्यो भने ३१.११ प्रतिशत श्रमिकहरूले आफूलाई यस सम्बन्धी त्यति जानकारी नभएको बताए ।

### ४.२.७ भू-स्वामित्व

मनिसलाई वाँच्नको लागि नभई नहने भनेको गाँस, वास र कपास, शिक्षा, स्वास्थ्य र खानेपानी हो । त्यस्तो वस्त खेतवारी वा जमिनबाट प्राप्त गर्न सकिन्छ । त्यसैले तलको तालिका मार्फत ईटा उद्योगमा कार्यरत श्रमिकहरुको भ स्वामित्वको वारेमा विस्तत रुपमा स्पष्ट पारिएको छ ।

**तालिका १९ : भू-स्वामित्वको आधारमा उत्तरदाताको विवरण**

| क्र.सं. | जग्गा जमिन | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | १ - ४ रोपनि | २२ | ४८.८९ |
| २ | ५ - १० रोपनि | १३ | २८.८९ |
| ३ | १० - २० रोपनि | ८ | १७.७८ |
| ४ | २० - ३० रोपनि | २ | ४.४४ |
| जम्मा | | ४५ | १०० |

स्रोत : स्थलगत अध्ययन,२०७२

माथिको तालिकाबाट ४८.८९ उत्तरदाताहरुको १ - ४ रोपनि भएको त्यसै गरि ५ - १० रोपनि जमिन हनेहरुको २८.८९ प्रतिशत र १० - २० रोपनि जमिन हुनेहरुको प्रतिशत १७.७८ र २० - ३० रोपनि जमिन हुनेहरुको ४.४४ प्रतिशत रहेको छ । तर त्यहाँ काम गर्ने श्रमिकहरुको जमिन हुँदै नभएको कोहि पनि पाइएन उनिहरुसँग थारै भएपनि जमिन भएको पाइयो । अध्ययनको क्रममा उत्तरदाताहरुले काम गर्न थालेदेखि ४८.८९ प्रतिशतले २ -४ रोपनि जग्गा जमिन जोडेको तथा त्यतिले मात्र आफलाई वर्षभरिमा खर्च धान्न प्रयाप्त नभएकाले ६ महिनाको समय अवधिभर इटा उद्योगमानै काम गर्ने गरेको पाइयो ।

### ४.२.८ खाद्यान्नको पर्याप्तता

मानब सभ्यताको विकासको कममा मानिसहरु जनसकै चरणमा रहे पनि मानवलाई बाँच्ने आधार भनेको खाद्यान्न हो । श्रमिकहरू इटा उद्योगमा वर्षको ६ महिना काम गर्ने भएकाले बाँकि ६ महिनाको लागि खाद्यान्नको परिपुर्ति गर्न गाह्रो पर्न जान्छ । इटा उद्योगमा काम गर्ने श्रमिकहरूको खाद्यान्नको पर्याप्तताको अवस्थालाई तलको तालिकामा देखाइएको छ ।

**तालिका २० : उत्तरदाताहरुको खाद्यान्न पर्याप्तताको विवरण**

| क्र.सं. | खान पग्ने अवधि | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | ० - ३ महिना | २१ | ४६.६७ |
| २ | ३ - ६ महिना | १३ | २८.८९ |
| ३ | ६ महिना भन्दा माथि | ११ | २४.४४ |
| जम्मा | | ४५ | १०० |

स्रोत :स्थलगत अध्ययन,२०७२

माथिको तालिका अनसार २१ जना श्रमिकहरू अर्थात ४६.६७ प्रतिशत उत्तरदातालाई केबल ३ महिना मात्र खाद्यान्न पर्याप्त हन्छ वाँकि महिना उनिहरुले त्यस भटा बाट नै ऋणको रुपमा सापट लिएर अर्थात वाँकिको ६ महिना अन्य काम गरेर खाद्यान्न परिपुर्ति गर्छन । त्यस्तै ३ - ६ महिना खाद्यान्न पुग्ने श्रमिकहरू १३ अर्थात २८.८९ प्रतिशत रहेको पाइन्छ । वाँकि ११ अर्थात २४.४४ प्रतिशत, श्रमिकहरूलाई ६ महिना भन्दा वढि आफनो कमाइले खान पुग्ने देखिन्छ भने केहि श्रमिकहरूमा ६ महिना भटामा काम गर्ने र त्यहि कमाइले वाँकिको ६ महिना पनि जिनतिन खाद्यान्न पर्याप्तता भएको पाइयो ।

### ४.२.९ आम्दानी

आम्दानी मानव जीवनमा नभई नहने एक अपरिहार्यता हो । बिना आम्दानी कनै पनि कामको थालनी गर्न र पुर्ण गर्न गाह्रो हन्छ । जति आम्दानी भयो सोहि अनुरुप जीबन सञ्चालन गर्न पनि सजिलो हन्छ । तलको तालिकामा उत्तरदाताको दैनिक आम्दानीको विवरण दिइएको छ ।

**तालिका २१ : उत्तरदाताहरुको दैनिक आम्दानीको विवरण**

| क.सं. | विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | रु २०० भन्दा माथि | ४ | ८.८९ |
| २ | रु २०० - ४०० सम्म | १९ | ४२.२२ |
| ३ | रु ४०० - ६०० सम्म | १७ | ३७.७८ |
| ४ | रु ६०० भन्दा माथि | ५ | ११.११ |
| जम्मा | | ४५ | १०० |

स्रोत :स्थलगत अध्ययन,२०७२

माथिको तालिकालाई हेर्दा रु २०० भन्दा कम आम्दानी हुन्छ भन्नेको संख्या ८.८९ प्रतिशत छन् जसमा वालकहरुको संख्या रहेको छ । उनिहरुको अभिभावक त्यहाँ काम गर्ने हुँदा उनिहरुका छोराछोरी पनि अरु काम गर्न नसक्ने भएतापनि ईटा बोकेर हिँड्ने, खच्चडहरुको  साथमा हिँड्ने र तिनिहरुको रेखदेख गर्ने हुनाले उनिहरुलाई उनिहरुको कामको आधारमा  दिनमा २०० भन्दा कम ज्याला दिने गरेको पाइयो । त्यसैगरि रु २००-४०० सम्म आम्दानी हुन्छ भन्नेको संख्या ४२.२२ प्रतिशत अर्थात १९ जना र ४०० - ६०० सम्म आम्दानी हुनेको संख्या १७  अर्थात ११.११ प्रतिशत पाइयो ।यसबाट स्पष्ट हन्छ कि रु २०० - ४०० सम्म आम्दानी हुन्छ  भन्नेको संख्या उच्च रहेको देखिन्छ । उक्त ईटा उद्योगमा काम गर्ने श्रमिकहरुको दैनिक आम्दानी निश्चित नभएता पनि उनिहरुले काम गर्ने अवधिभर प्राप्त गर्ने जम्मा  ज्यालाको आधारमानै दैनिक आम्दानी छुट्याइएको हो उक्त इटा उद्योगमा ६ महिना मात्र काम गर्ने अबधि भएकाले उनिहरु वढि भन्दा वढि रुपमा काममा संलग्न भएको पाइन्छ । जुन ६ महिना अवधिभर कमाएको आम्दानीले बार्षिक खर्च धान्न पर्ने हन्छ ।

### ४.२.१० बार्षिक खर्च

आर्थिक व्यवस्थाको परिसुचक आम्दानी मात्र नभएर खर्च पनि एक हो । यसै सन्दर्भमा उत्तरदाताहरुले बर्षभरिको खर्च विवरणलाई स्पष्ट पारिएको छ ।

**तालिका २२ : उत्तरदाताहरुको आम्दानी खर्चको विवरण**

| क.सं. | आम्दानी खर्च | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | खाद्यान्न किन्न | १३ | २८.८९ |
| २ | छोराछोरी पढाउन | १५ | ३३.३३ |
| ३ | औषधि खर्च धान्न | ११ | २४.४४ |
| ४ | लुगा फाटो किन्न | ६ | १३.३३ |
| जम्मा | | ४५ | १०० |

स्रोत :स्थलगत अध्ययन,२०७२

माथिको तालिकामा उत्तरदाताहरुको आम्दानी खर्च ३३.३३ प्रतिशत छोराछोरी पढाउन हुने, त्यस्तै २४.४४ प्रतिशत औषधि खर्च र खाद्यान्न किन्न २८.८९ प्रतिशत र लुगाफाटो किन्न १३.३३ प्रतिशत खर्च हुने स्पष्ट भयो । भटामा काम गर्ने श्रमिकहरु मध्ये छोराछोरी पढाउन ३३.३३ प्रतिशत खर्च हुने गरेको सबै भन्दा उच्च संख्या पाइयो । ईटा भटामा कार्यरत श्रमिकहरुले सबै बालबालिका तथा आफना छोराछोरीलाई बोर्डिङ्ग स्कुलमा हाल्न सकेका  छैनन् । निम्न शुल्क लाग्ने सामुदायिक बिद्यालयमानै अध्ययनको लागि पठाएका छन् भने केहि - केहि श्रमिकहरुले यस उद्योग बाट प्राप्त आम्दानीले बोर्डिङ्ग स्कुलमा आफ्ना बालबालिका पढाउन प्रयाप्त नभएता पनि ऋण लिएर भएपनि राम्रो स्कुलमा पढ्न पठाएको पाइयो ।

# अध्याय- पाँच
# सारांश र निष्कर्ष

## ५.१ सारांश

यो शोधकार्य नवलपरासी जिल्ला मध्यविन्दु नगरपालिका अन्तर्गत ‘ईट्टा उद्योग’ मा काम गर्ने श्रमिकहरूको सामाजिक आर्थिक अवस्थासँग सम्बन्धित छ । यस शोधकार्यको मुख्य-मुख्य बुँदाहरूलाई निम्न बुँदाहरूमा प्रस्तुत गरिएको छ ।

गाउँबाट सहरमा मानिसहरू बसाईं सर्ने प्रमुख कारण गाउँमा भएको गरिबी, बेरोजगारी समस्या तथा असुरक्षा नै मुख्य हुन्छ । धेरै जसो श्रमिकहरू नेपालको पहाडी क्षेत्र जुन दुर्गम छ । त्यस ठाउँबाट बसाईं सरेर आएका छन् । ईट्टाभट्टामा काम गर्ने प्रायः सबै मजदुरहरू मध्यस्तकर्ता तथा दलालहरूद्वारा त्यस स्थानसम्म काम गर्न आईपुगेका छन् । यो ईट्टा उद्योगमा काम गर्ने समय तथा मौसम निश्चित छ । जम्मा वर्षको १२ महिना नै काम हुँदैन । यहाँ December (डिसेम्बर) बाट काम सुरु भई प्रायः जसो June (जुन) महिनामा समाप्त हुन्छ । धेरै जसो श्रमिकहरू वि.सं. २०७० पछि यहाँ काम गर्न आएका छन् । यहाँ काम गर्ने धेरै जसो श्रमिकहरूका विद्यालय गएर पढ्ने उमेरका बालबालिकाहरू पनी यहाँ संलग्न भएका छन् । जहाँ उनीहरू दिनको १२ घण्टा काम गर्दछन् भने सामान्यतया हप्तामा ६ दिन काम गर्दछन् । धैरे जसो श्रमिकहरू अशिक्षित छन् भने तिनीहरूको खरिद विक्री गर्ने क्षमता (bargeining) पनि कमजोर छ । प्रायः जसो परिवारका सम्पूर्ण सदस्यहरू उद्योगमा संलग्न छन् । जसबाट प्राप्त ज्याला परिवारको सबैभन्दा मुख्य व्यक्तिले बुभ्ने (लिने) गरेका छन् । श्रमिकहरूले गरेको आम्दानीको धेरै आय खाना तथा ऊर्जामा खर्च गर्छन भने केही स्वास्थ्यमा खर्च गर्दछन् तर मनोरञ्जनका क्षेत्रमा भने कम मात्रामा खर्च गर्ने गर्दछन् । उनीहरूले आफूले गरेको आम्दानीको नगन्य रुपमा मात्र शिक्षामा खर्च गरेको पाइन्छ ।

श्रमिकले प्राप्त गर्ने ज्याला नै उनीहरूको आम्दानीको प्रमुख स्रोत हो तर पनि कहिलेकाही अग्रिम भुक्तानीको रुपमा वा ऋणको रुपमा पनि उनीहरूको खर्च टार्नको लागि लिने गर्दछन् । श्रमिकहरूको मुख्य समस्या भनेको उनीहरूले गरेको कामको कडा परिश्रमको तुलनामा एकदम कम ज्याला मात्र प्राप्त गर्न सक्दछन् । उनीहरूले गर्ने कामको तुलनामा ज्यालादर कम हुन्छ । उद्योगले

श्रमिकहरूलाई सामान्यस्तरमा उपचार सम्बन्धी सुविधा दिन्छ भने वासस्थानको लागि अस्थायी वासस्थानको निर्माण गरिएको हुन्छ । जसमा त्यहाँ काम भएको समय वर्षको जुन ६ महिना हुन्छ त्यसपछि अन्यत्र जानु पर्ने बाध्यता रहन्छ । ईट्टा उद्योग श्रमिकहरूको लागि एक आर्थिक उत्पादनको मुख्य स्रोतको रुपमा रहेको छ भने त्यहाँ काम गर्ने श्रमिकहरूलाई यसबाट आफ्नो स्वास्थ्यमा समस्या परेको थाहा हुँदाहुँदै पनि उनीहरूलाई यस काम जरुरत भएकाले यहाँ काम गर्न बाध्य भएका छन् । धेरैजसो श्रमिकहरुमा आँखा सम्बन्धी तथा टाउको दुख्ने समस्या भएको पाइन्छ । धेरैजसो श्रमिकहरु ब्राम्हण, क्षेत्रिको तुलनामा मगर, तामाङ्ग तथा दलित जातका रहेका पाईन्छन् । उमेरका आधारमा हेर्दा १६–२५ बर्ष सम्मका ब्यक्तिहरु बढि संलग्न रहेको पाइयो जसमा महिला श्रमिको तुलनामा परुषको संख्या बढि मात्रामा रहेको छ । यहाँ कार्यरत ६६.६७ प्रतिशत श्रमिकहरुले आफुले काम गरे बापत पाउने ज्याला आँफबाटै प्राप्त गर्दछन भने ३३.३३ प्रतिशत श्रमिकहरुलाई आफुले काम गरे बापत कति ज्याला प्राप्त हुन्छ भन्ने पनि थाहा छैन । संलग्न श्रमिकहरु मध्ये ४६.६७ प्रतिशत श्रमिकहरु आफुले गरेको कामबाट सन्तुष्ट भएको पाइयो भने बाँकी श्रमिकहरु सन्तुष्ट नभएपनि मजबुरिले आफ्नो जिविको पार्जनको लागि भए पनि काम गरिरहेको पाइयो । यहाँ संलग्न भएपछि श्रमिकहरुको स्वास्थ्यमा क्रमिक रुपमा नकरात्मक परिवर्तन भईरहेको छ । जसको कारणले टाउको दुख्ने, आँखा दुख्ने/चिलाउने, रिँगटा लाग्ने श्रमिकहरुको संख्या क्रमश : ४० प्रतिशत, ३१.११ प्रतिशत र २० प्रतिशत पाइयो ।

समग्रमा श्रमिकहरुको दैनिक आम्दानी २०० तथा त्यस भन्दा माथि भएको पाइयो । २०० भन्दा कम आम्दानी भएको ८.८९ प्रतिशत, २०० देखि ४०० सम्म आम्दानी गर्ने ४२.२२ प्रतिशत त्यसैगरि ४०० देखि ६०० सम्म र त्यस भन्दा माथि दैनिक आम्दानी क्रमश : ३७.७८ प्रतिशत र ११.११ प्रतिशत रहेको पाइयो । त्यस्तै तथ्याङ्कको प्रकृति तथा स्रोतहरूमा तथ्याङ्क संकलनलाई प्राथमिक तथा द्वितीय स्रोतहरूको प्रयोग गरिएको छ । प्राथमिक स्रोत अन्तर्गत अर्न्तवार्ता अवलोकन तथा मुख्य त्यससँग सम्बन्धित व्यक्तिसँगको सोधपुछ आदिबाट गरिएको छ भने द्वितीय स्रोतहरूको प्रयोग विभिन्न पत्रपत्रिका र लेख, रचनाहरू र अप्रकाशित स्रोतहरूबाट संकलन गरिएको छ । अध्ययनको समग्रता र विश्लेषणमा जनगणना विधि अनुसार ४५ श्रमिकहरूलाई समेटिएको छ ।

अध्ययन गरिएका ४५ श्रमिकहरूमा उमेरका आधारमा सबैभन्दा कम उमेरका ११ वर्ष देखि ४८ वर्ष सम्म उमेर भएका श्रमिकहरू पर्दछन् ।

### ५.२ निष्कर्ष

प्रस्तुत अध्ययनले ईटा उद्योगमा कार्यरत श्रमिकहरुको सामाजिक र आर्थिक अवस्थाको बारेमा बिभिन्न निष्कर्षहरु निकालेको छ । यहाँ कार्यरत श्रमिकहरु आर्थिक रुपले सबल हुँदै गएतापनि समयको अभाब, सम्बन्धित निकायको अभाबका कारण आफना बालबालिका हरुलाई शिक्षाबाट बञ्चित गराइरहेका छन् । ईटा उद्योगले बेरोजगारी बर्गलाई रोजगारीको अबसर सिर्जना गराई आर्थिक पक्षलाई सबल बनाउन मद्दत त पुऱ्याएको त छ तरपनि त्यसबाट हुने प्रदुषणको कारणले त्यहाँ संलग्न श्रमिकहरुको स्वास्थ्यमा नकरात्मक असर परिरहेको छ । त्यसैगरि त्यसले वरपरको वातावरणलाई पनि प्रदुषित बनाइरहेको छ । यस्तो खालको उद्योगहरुलाई बाक्लो मानब बस्तिबाट अलि टाढा राख्न जरुरी छ ।

अध्ययनबाट प्राप्त भए अनुसार ईट्टा उद्योगमा काम गर्ने मजदुरहरूको सामाजिक आर्थिक अवस्था धेरै दयनीय पाइयो । देशको ग्रामीण भेगबाट अदक्ष, अशिक्षित, गरिब र बेरोजगार मानिसहरूलाई रोजगारीको अवसर सिर्जना गरेको देखिन्छ । यति हुँदाहुँदै पनि उद्योगमा कार्यरत मजदुरहरूको समग्र अवस्था दयनिय देखिन्छ । उनीहरूले प्राप्त गर्ने ज्यालाको तुलनामा उनीहरूले गर्ने काम अत्यधिक जटिल देखिन्छ । धुवाँ, धुलोले गर्दा प्रदुषित स्थानमा निरन्तर १२-१४ घण्टा सम्म काम गर्ने गरेको देखिन्छ । यसैगरी उनीहरूको साक्षरताको अवस्था पनि धेरै न्यून पाइन्छ । पढ्ने र लेख्ने बालबालिकाहरूको नैसर्गिक अधिकारबाट त्यहाँ काम गर्ने श्रमिकहरूको बालबालिका वञ्चित हुनु परेको देखिन्छ । उनीहरूको कमाई जति उपभोगमा नै सीमित रहेको जसले गर्दा भबिष्यको बचतको लागि केही नभएको देखिन्छ । ईट्टा उद्योगले रोजगारीको सिर्जना गरेको भएतापनि त्यंहा वरिपरिको वातावरण प्रदुषित गरेको पाइन्छ ।

निष्कर्षमा भन्नुपर्दा यस ईट्टा उद्योगमा काम गर्ने श्रमिकहरू विशेषतः देशका विकट ग्रामीण भेगबाट आएका छन् भने तिनीहरूले अरु रोजगार प्राप्त गर्न नसकेकाले ईट्टा उद्योगमा काम गर्न कुनै शिक्षा तथा सीप नचाहिने र उमेर अनुसारका विभिन्न किसिमका कामहरू प्राप्त गर्ने र परिवारका सम्पूर्ण सदस्यहरू नै संलग्न हुन सक्ने भएकाले यस उद्योगमा संलग्न भएको पाइन्छ । उनीहरूले यस उद्योगमा जम्मा वर्षमा ६ महिना काम गरे वापत बाँकी ६ महिना अन्य काममा पनि संलग्न हुने गरेकाले परिवारको आर्थिकस्तर सुधार्न मद्दत गरेको पाइन्छ । त्यसैगरी यस उद्योगमा संलग्न

श्रमिकहरू ब्राम्हण, क्षेत्रीको तुलनामा थारु तथा दलितहरू रहेको छन् भने केही भारतीय मुलकबाट आएका छन् ।

यस उद्योगमा काम गर्ने मजदुरहरू बढी महिलाहरू रहेका छन् भने १४ वर्ष देखि १८ वर्ष सम्मका व्यक्ति बढी रहेका छन् । जुन आफ्नो बाबुआमा ईट्टाभट्टामा काम गर्न आउँदा उनीहरूसँग यहाँ आएर काम गर्ने गरेका रहेछन् । ६ महिना ईट्टा बनाउने काम गर्ने र ६ महिना पछि फेरि गाउँमा नै फर्कने भएकाले त्यहाँ काम गर्ने व्यक्तिहरूका बालबालिकामा शिक्षाको लागि उचित सुविधा मिल्न नसकेकाले तिनीहरूले बीचमै पढाइ छाडेर यही काम गर्न थालेको पाइयो ।

यसबाट के निष्कर्षमा पुग्न सकिन्छ भने ईट्टा उद्योगमा काम गर्ने मजदुरहरूमा ५० प्रतिशतको हाराहारीमा महिला रहेको तथा बालबालिकाको संख्या पनि उल्लेख्य रुपमा रहेको पाइएको छ । अध्ययनको समाप्तपछि के स्पष्ट हुन्छ भने श्रमिकहरूको जीवन धेरै अप्ठ्यारो र दुःखदायी भएको प्रष्ट हुन्छ । श्रमिकहरूको सामाजिक तथा आर्थिक अवस्था एकदम कमजोर रहेको छ । अध्ययन सर्वेक्षणका निचोडहरूले श्रमिकहरूको विभिन्न खाले समस्याहरूको समाधान का लागि निरन्तर धैर्यतासाथ दृढतापूर्वक प्रयत्न गर्नुपर्ने आवश्यकता माथि जोड दिन्छ । गरिबी, बेरोजगार, अज्ञानता र निरक्षरताको कारणले श्रमिकहरू विद्यालय गएर शिक्षा आर्जन गर्नुपर्ने समयमा आफ्ना बालबालिकाको भविष्य माथि सचेत नरहेको देखिन्छ । जसले गर्दा उनीहरूको बालबालिका पनि भविष्यमा यस्तो उद्योगधन्दाहरूमा नै संलग्न हुनुपर्ने बाध्यता रहन्छ । त्यसैले विद्यालय जाने उमेरका बालबालिकालाई विद्यालय पठाउन जरुरत छ । जसलाई सम्बन्धित उद्योगले नै व्यवस्था गरिदिए अझ राम्रो हुने थियो । इट्टा सहरी क्षेत्रको निर्माणको प्रमुख प्रशाधन हो र अझ केही वर्ष रही रहने छ । कारण यसका विकल्प महँगा छन् । नेपालमा भट्टामा इट्टा बनाउने प्रचलन छ । भट्टाबाट उत्पादन हुने धुवाँले स्थानीयको प्रायः गुनासो प्रदुषण सम्बन्धी हुने गरेको छ । तसर्थ नयाँ प्रविधि भित्र्याई प्रदुषण कम गर्नु जरुरी छ ।

# सन्दर्भग्रन्थ सूची (Bibliography)

Adhikari G.P., 2000 : Proposal and Thesis Writing, Ratna Pustak Bhandar, Kathmandu

Black, 1997 : Child Domestic Workers London : Anti-Slavery International

CWIN, 1995 : Voices Of Child Workers : Quarterly Magazine

Concern Nepal 2005, Child Labour In Brick Kilns In Nepal

DOSA/PMC/TU, 2001 Guidelines For Proposal And Thesis/Dissertation Writing In Sociology/Anthropology

Department of cottage and small industries HMG/NILO, 1998, Labor Administration profile of Nepal, international labour organization

Dumre, Babu Ram, 2003 – A case study of domestic child labour in kathmanduand, Tri-Chandra Multiple Campus, in the partial Fulfilment of the Requirenment for Masters Degree of Arts in ociology.

GEFONT -2007: A study on the Brick Kilns of Nepal – labour under the chimney

GFFONT, (1998) worker news No. 20, June

HMG/N, (2002) Tenth plan, National planning commission HMG, Nepal

ILO – IPEC – Labour in Nepal: An overview and a proposal plan of Action – 1995, ILO office Kathmandu

Kathmandu Valley Profile (Briging paper) Google

May 1 2011 Labour day: Kantipur Daily

NEFAS (1998) Productivity, wages, employment and labour marker situations in Nepal: Role of Trad Unions, Kathmandu

Pathak B.B, (1998) child labour in Brick Kiln industries in Kathmandu valley, unpublished Master's thesis, Central Department or Sociology/Anthropology, T.U. Kirtipur, Nepal

Shresth Mohan, (2067-5-24), Kantipur Daily

SPARC, 2001: Out Of The Shadow a Worldwide Report On The Wrost forms Of Labour

केन्द्रीय तथ्याङ्क विभाग, स्वास्थ्या तथा जनसंख्या मन्त्रालय, (२०६८) जनगणना प्रतिवेदन

साना तथा घरेलु उद्योग विभाग, (२०१०) बार्षिक प्रतिवेदन

प्रधान गौरी, १९९७ - अन्यायपूर्ण तथा शोषणमुलक श्रम सम्वन्धहरु

## अर्न्तवार्ता अनुसूची : २०७२

क्षेत्रगत अध्ययन, मध्यविन्दु क्र.सं.

अर्न्तवार्ता मिति :-

१. श्रमिकहरूको सामान्य जानकारी :

नाम :-

जात/थर :-

उमेर/लिङ्ग :-

धर्म :-

जिल्ला :-

गा.वि.स./वडा नं. :-

वैवाहिक स्थिति :- शिक्षा :-

जम्मा परिवार संख्या :-

२. तपाईंले आफू बसेको स्थान छोड्नुको कारण के हो ?

(क) गरिबी ( ) (ख) असुरक्षा ( ) (ग) बेरोजगारी ( ) (घ) परिवार बसाईं सर्नु( )

३. कामको सुरुवात

| | २०६४ | २०६५ | २०६८ | २०७० |
|---|---|---|---|---|
| कहाँ | | | | |
| कामको किसिम | | | | |
| को मार्फत आएको | | | | |

४. ईट्टा उद्योगको काम गर्नुको कारण के हो ?

क) काम गर्न सजिलो भएर ( ) (ख) परिवारका अन्य सदस्य तथा साथीहरू यहीँ काम गर्ने भएर ( ) (ग) अन्त गर्ने केही काम नभएर ( )

(घ) अन्य .......................................

५. तपाईंले ईट्टा उद्योगमा गर्ने काम के हो ?

(क) ईट्टा बनाउने ( ) (ख) ईट्टा बोक्ने ( )

(ग) ईट्टा पोल्ने ( ) (घ) अन्य ..........................

६. तपाईंका परिवारका अन्य सदस्य पनि यहाँ संलग्न हुनुहुन्छ ?

(क) छ ( ) (ख) छैन ( )

७. तपाईं अहिले कहाँ बस्नुहुन्छ ?

(क) आफ्नो घर ( ) (ख) भाडाको घर ( )

(ग) उद्योगले व्यवस्था गरि दिएको ठाउँ ( ) घ) अन्य ................................

८. एकदिनमा तपाई कति घण्टा काम गर्नुहुन्छ ?

..........................................................................................

९. हप्तामा कति दिन काम गर्नुहुन्छ ?

..........................................................................................

१०. यस उद्योगमा जम्मा ६ महिना मात्र काम गरिने गरिन्छ त्यसपछिको बाँकी समय के गर्नुहुन्छ ?

.........................................................................................................

११. तपाई यस कामबाट सन्तुष्ट हुनुहुन्छ ?

(क) छ ( ) (ख) छैन ( )

१२. यदि सन्तुष्ट हुनुहुन्न, भने किन ?

(क) काम धेरै गाह्रो भएर ( ) (ख) सेवा सुविधा केही उपलब्ध नभएर

(ग) कम ज्याला भएर ( ) (घ) अन्य .........................

१३. उद्योगमा काम गर्ने वातावरण कस्तो छ ?

(क) धेरै राम्रो ( ) (ख) राम्रो ( )

(ग) सन्तोषजनक ( ) (घ) धेरै नराम्रो ( )

१४. तपाईं ज्याला निश्चित समयमा प्राप्त गर्नुहुन्छ कि हुँदैन ?

(क) हुन्छ ( ) (ख) हुँदैन ( )

१५. श्रमिकहरूको आर्थिक अवस्था

| Items | महिनाको खर्च (रु.) | ज्याला | कृषि उत्पादन | ऋण | अन्य |
|---|---|---|---|---|---|
| खना | | | | | |
| इन्धन | | | | | |
| शिक्षा | | | | | |
| स्वास्थ्य | | | | | |
| मनोरञ्जन | | | | | |
| लुगाफाटो | | | | | |

१६. तपाईंले यस उद्योगमा काम गरे वापत दैनिक कति आम्दानी गर्नुहुन्छ ?

(क) रु. २०० भन्दा कम ( ) (ख) रु. ३०० देखि ४०० सम्म ( )

(ग) रु. ४०० देखि ५०० सम्म ( ) (घ) रु. ५०० भन्दा बढी ( )

१७. तपाई तपाईले काम गरे वापत प्राप्त ज्यालाबाट सन्तुष्ट हुनुहुन्छ ?

(क) छ ( ) (ख) छैन ( )

१८. यदि सन्तुष्ट हुनुहुन्न, भने किन ?

(क) ............................................(ख) ............................................

(ग) ..........................................(घ) ..........................................

१९. तपाईं पैसा बचत गर्नुहुन्छ ? तपाईंले गर्नु भएको बचत के मा प्रयोग गर्नुहुन्छ ?

(क) अनावश्यक काममा प्रयोग गर्ने ( )

(ख) जमिनमा प्रयोग गर्ने ( )

(ग) व्यापारमा लगानी गर्ने ( )

(घ) बैंकमा बचत गर्ने ( )

(ङ) अन्य क्रियाकलाप ( )

२०. यदि तपाईंले निश्चित समयमा ज्याला प्राप्त गर्न सक्नु भएन भने के-कस्ता समस्याहरू भोग्नु पर्ने हुन्छ ?

(क) ......................................................................

(ख) ......................................................................

२१. तपाईंले तपाईंको पारिश्रमिकको भुक्तान कसरी प्राप्त गर्नुहुन्छ ?

(क) नगद ( ) (ख) सामूहिक रुपमा ( ) (ग) बैङ्क मार्फत ( )

२२. यदि तपाईं बिरामी हुनु भयो भने त्यस समयमा मागेको रकम प्राप्त गर्न सक्नुहुन्छ ?

(क) हुन्छ ( ) (ख) हुँदैन ( )

२३. यदि पाउनु भएन भने कसरी उपचार गर्नुहुन्छ ?

(क) साथीभाइ तथा आफन्तसँग सापटी लिएर ( )

(ख) वचत गरेको पैसाबाट ( )

(ग) अन्य ..........................................................

२४. उद्योगबाट के-के सुविधाहरू प्राप्त गर्नु भएको छ ?

(क) उपचारको सुविधा ( ) (ख) जीवन बिमा ( )

(ग) पेस्की ( ) (घ) बालबालिकालाई शिक्षा ( )

(ङ) लुगाफाटोको सुविधा ( ) (च) बढी भएको समय काम गर्न पाउने ( )

(छ) आवास ( ) (ज) अन्य ......................................

२५. यस उद्योगमा महिला तथा परुष श्रमिकलाई दिइने ज्यालामा भिन्नता छ ?

(क) छ ( ) (ख) छैन ( )

२६. यस उद्योगबाट तपाईहरुलाई के–के थप सुविधा प्राप्त होस् भन्ने चाहनहन्छ ?

...........................................................................................

२७. तपाई यस उद्योगमा संलग्न भएपछि तपाईको स्वास्थ्यमा केही परिवर्तन आएको पाउनु भएको छ ?

(क) छ ( ) (ख) छैन ( )

२८. यदि छ, भने कस्ता स्वास्थ्य समस्या भोग्नु परेको छ ?

(क) आँखा चिलाउने ( ) (ख) टाउको दुख्ने ( )

(ग) रिंगटा लाग्ने ( ) (घ) दम ( )

(ङ) अन्य ( )

२९. तपाईको आम्दानीको स्रोत अरु के-के छ ?

.................................................................................

३०. तपाईले यस्तै अरु काम पाउनु भयो भने गर्नुहुन्छ ?

.........................................................................................................

३१. तपाईको जमिन छ कि छैन ? यदि छ भने कति छ ?

....................................................................................................

३२. तपाईको सन्तानको प्राप्त गरेको शिक्षा प्रति सन्तुष्ट हुनुहुन्छ ?

......................................................................................................

३३. तपाई को बच्चा निजी विद्यालयमा अध्ययन गर्छन् कि सरकारी विद्यालयमा ?

........................................................................................................

३४. तपाईले उपचारमा कति खर्च गर्नुहुन्छ ?

.....................................................................................

३५.तपाईलाई सहरीकरणले कति प्रभाव पारेको छ ?

............................................................................

३६. तपाईले आधुनिक सञ्चारका साधनहरू के-के उपयोग गर्नु भएको छ ?

(क) टेलिभिजन ( ) (ख) रेडियो ( )

(ग) मोबाइल ( ) (घ) अन्य ............

३७. तपाईंको कार्य स्थलमा खानेपानीको सुविधा कस्तो छ ?

.......................................................................

३८. तपाईंको कार्य स्थलमा शौचालयको व्यवस्था कस्तो छ ?

...............................................................................

३९. तपाईंको छोराछोरीलाई पढाउनको लागि यस उद्योगवाट नै केही पहल भएको छ कि छैन ?

...............................................................................

४०. अब यस्ता उद्योगहरु शहरी क्षेत्रबाट हटाउनेरे नि अब यसको विकल्पमा के काम गर्नुहुन्छ कि फेरी गाउंमै फर्कने हो र ?

.......................................................................................................

**ईट्टा कारखानाको मालिकसंगको अर्न्तवार्ता अनुसूची**

कारखानाको नाम :-

ठेगाना :-

स्थापना :-

रजिस्ट्रेसन नं. :-

जम्मा कामदार :- पुरुष महिला

१५ बर्ष भन्दा कम उमेरका कामदार :- पुरुष महिला

१. तपाईंले कामदारलाई के के सुविधा प्रदान गर्नु भएको छ ?

(क) शिक्षा (ख) स्वास्थ्य (ग) खाना (घ) अन्य

२. के तपाईंलाई थाहा छ, बालबालिकालाई काम गराउने भनेको गैह्रकानुनी हो ।

(क) हो (ख) होइन

३.कारखानाले घाईतेलाई कुनै किसिमको सुविधा दिनु भएको छ ?

(क) छ (ख) छैन

४. तपाइंको कारखानामा अहिलेसम्म के कस्तो घटना घटेको छ ?

(क) छ (ख) छैन

५. यदि भएको भए कस्तो प्रकारको घटना भएको थियो ?

.............................................................................

६. कामदारले कस्तो प्रकारको समस्या सृजना गर्छन् ?

.............................................................................